Jana Aakash National Weekly

www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष- १८, अंक- २६, २०८२ साल माघ १३ गते मंगलबार (February 27, 2026) www.janaakash.com.np



जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित

www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)

मोबाइलः ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com


# अर्थतन्त्र धारासायी काला ब्यापारी मालमाल

नेपालको अर्थतन्त्रमा एकपछि अर्को गर्दै समस्या थपिदै आएको छ । पछिल्लो जेन्जी आन्दोलनपछि त झनै बजार चलायनमान हुन सकेको छैन । बजारहरु प्राय ठप्प जस्तै छन् ।

नेपालमा लगानी गर्न तयार भएर आउन लागेका विदेशी कम्पनीहरुले समेत देशको नीति अर्थात २०८२ फागुनमा हुने निर्वाचन र निर्वाचनत पछि कस्तो खालको सरकार बन्छ कस्तो खालको नीति आउछ भनेर कुरेर बसेका छन् ।

पछिल्ला वर्षहरुमा नेपालले हाइड्रोपावरमा केही प्रगती गरेको भएपनि अन्य व्यवसायहरुमा सोचेजस्तो प्रगति गर्न सकेको छैन । जसले गर्दा नेपालका युवा जो रोजगार गरेर जीवनयापन गर्न चाहान्छ । यस्ता युवाहरुले स्वदेशमा राजगार पाउन छाडेर विदेश पलायन भईरहेकाछन् । यस्तो अवस्था आउनु राम्रो उदारण होइन ।

त्यसमाथि पनि पछिल्लो जेन्जी आन्दोनलनपछि झनै युवाहरुको पलायन बढ्दै गएको छ । तर अर्को पाटो नेपालमा असल साशनको लागि काम गर्न चाहान्छु रोजगारी गरेर पसिना बगाएर काम गरेर बाच्न चाहान्छु र देशको विकासको लागि देशमा नै वस्न चाहान्छु भनेर लाग्ने नागरिहरुको लागि सम्भावना नभएपनि काला ब्यापारी बिचौलियाहरुलाई भने यस्ता अराजकता बढेको बेला, देश अस्थिर भएको बेला पारेर मालमाल हुने गरेको देखिन्छ । बजारमा उपभोग्य बस्तुहरुमा जति मन लाग्यो त्यतिमा बेच्ने अस्थिरताको फाइदा उठाएर हत्तियार किनबेच गर्ने तस्करहरु, हतियार बोकेर लुटपाट गर्ने

» बाकी ६ पृष्ठमा

## हातहतियार बुझाउन चितवन प्रशासनको आग्रह

चितवन । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै जिल्ला प्रशासन कार्यालय चितवनले हातहतियार बुझाउन सरोकार भएका सबैलाई आग्रह गरेको छ ।

व्यक्तिगत सुरक्षाका लागि स्थानीय प्रशासनसँग अनुमति लिएर राखिएका हतियार बुझाउन कार्यालयले सबैलाई आग्रह गरेको हो । कार्यालयले एक सूचना जारी गर्दै व्यक्तिगत सुरक्षाका लागि राखिएका हातहतियार १५ दिनभित्र नजिकको प्रहरी कार्यालयमा बुझाउन आग्रह गरेको छ ।

कार्यालयका सूचना अधिकारी मदन लामा थिङका अनुसार प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष, शान्तिपूर्ण र विश्वसनीय वातावरणमा सम्पन्न गराउन सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै इजाजत प्राप्त हतियार बुझाउन भनिएको हो । अहिले

» बाकी ६ पृष्ठमा

*'म यहाँ नेता होइन, बेटा बन्न आएको हुँ ।'*

## म मधेश बुझ्न आएको हुँ : गगन थापा



सर्लाही- नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले आफू मधेश पढ्न, बुझ्न र मधेशको बेटा बन्नकालागि आएको बताएका छन् । सर्लाही निर्वाचन क्षेत्र नं ४, का मतदातालाई सम्बोधन गर्दै सभापति थापाले यस्तो बताएका हुन् ।

१२ गते बाट चुनावी अभियान सुरु गरेका थापाले 'म यहाँ नेता होइन, बेटा बन्न आएको हुं ।' भन्दै समरा विमानस्थलमा ओर्लेपछि ठाउँठाउँमा मधेशका साथीहरूले स्वागत गरेर देखाएको मायाले आफूलाई उत्साहित बनाएको थापाको भनाइ छ । नेपाली कांग्रेसको नेता भएको हैसियतले सभापति थापाले मधेशले कांग्रेस र लोकतन्त्रका लागि लगाएको गुणबारे जानकार भएको उल्लेख गरे ।

'अब म यहाँको भाषा, रहनसहन, भेषभुषा, संस्कार संस्कृति सबै पढ्छु र सिक्छु । केही नेता साथीहरुले एक लाइन भए पनि स्थानीय भाषामा सम्बोधन गरिदिनु भन्नुभएको थियो', उनले भने, 'म दुई दिनको चटक देखाउन आएको हैन । त्यसैले सबै सिक्छु अनिमात्रै बोल्छु ।'

सर्लाही पुगेका थापाले आफ्नो निर्वाचन क्षेत्रका नेता कार्यकर्ता सँग भेटघाट गर्दै आफ्नो राजनीतिक यात्रा

» बाकी ६ पृष्ठमा

## निर्वाचन प्रहरीमा दोस्रो पटक म्याद थप्दा ४९३ को आवेदन

धनकुटा- आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि निर्वाचन प्रहरीको माग अनुसार आवेदन नपरेपछि दोस्रो पटक म्याद थपिएको थियो ।

दोस्रो पटक थपिएको म्यादमा ४ सय ९३ जनाले निर्वाचन प्रहरीका लागि आवेदन दिएका छन् । धनकुटामा जम्मा १ हजार ८५ जना निर्वाचन प्रहरीका लागि गत पुस २५ गतेबाट माघ १ गतेसम्म दरखास्त दिन सुचना जारी भएको थियो ।

सो अवधिमा कोटा अनुसार आवेदन नपरेपछि पहिलो पटक माघ ३ गतेसम्म आवेदन दिने म्याद थप



भएको थियो । उक्त अवधिमा १ हजार १८ जनाको मात्रै निवेदन परेको थियो । निवेदन परेका सबै छनौट हुँदा पनि ६७ जना अपुग भएको थियो ।

निवेदन दिएका कतिपय सम्पर्कमा नआउँदा करिब १ सयभन्दा बढीको संख्यामा अपुग रहेको जिल्ला प्रहरी कार्यालय

» बाकी ६ पृष्ठमा

## चलचित्रसम्बन्धी कानुन परिमार्जन हुँदैछ : मन्त्री सिन्हा



काठमाडौं । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हाले स्वदेशी चलचित्रको विकास, विस्तार र प्रवर्द्धन हुनेगरी सो सम्बन्धी कानुन परिमार्जन गर्न लागिएको बताएका छन् ।

सोमबार सिंहदरबारमा बसेको संघीय संसद राष्ट्रिय सभा अन्तर्गतको विधायन व्यवस्थापन समितिको बैठकमा बोल्दै उनले यस्तो बताएका हुन् ।

मन्त्री सिन्हाले चलचित्र सम्बन्धि प्रचलित कानुनलाई परिमार्जनका लागि सांसदहरूले गरेका विमर्शले सिंगै देशको चाहनालाई प्रतिबिम्बित गरेको समेत बताए ।

'चलचित्र क्षेत्रलाई सामाजिक, सांस्कृतिक र मनोरञ्जनात्मक उद्योगको रुपमा विकास गर्न तथा स्वदेशी चलचित्रको विकास, विस्तार, प्रवर्द्धन र नियमन गर्न चलचित्र सम्बन्धि प्रचलित कानूनलाई संशोधन एवं एकीकरण गरेर यसलाई नयाँ स्वरुपमा प्रस्तुत गर्ने प्रयत्न गरेको छ । यसमा यहाँ जुन छलफल भएको छ । त्यसले धेरै हदसम्म परिमार्जन गरेको अवस्था पनि छ,' उनले भने ।

सरकारले

» बाकी ६ पृष्ठमा


### भन्सार प्रशासन वास्तविकतामा आधारित हुनुपर्छ : अर्थ सचिव

काठमाडौं- अर्थ सचिव घनश्याम उपाध्यायले भन्सार प्रशासन वास्तविकतामा आधारित हुनुपर्ने बताएका छन् ।

भन्सार प्रशासन जति वास्तविकतामा आधारित भयो उति नै राजस्वका क्षेत्रहरु परदर्शी बन्दै जाने बताएका हुन् ।

पछिल्लो सयम भन्सार प्रशासनमा ग्याट मूल्यांकनलाई अनलाइन प्रणालीमा आबद्ध गर्ने काम भएको भन्दै यो भन्सार प्रशासनका लागि ठूलो सुधार भएको उनको भनाइ छ । सोमबार

» बाकी ६ पृष्ठमा

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- २६,
२०८२ साल माघ १३ गते मंगलबार
27 JANURY 2026, TUESDAY

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय

### नागरिकवाट बनेको सरकारले मल कारखाना खोलोस ।

नेपालमा रासायनिक मल कारखाना खोल्न कोसिस भएको झण्डै दुईदशक भईसकेको छ । तर अहिलेसम्म रासायनिक मल कारखाना स्थापना गर्न सकेको छैन । यो नेपालको कृषि मन्त्रालयले गर्ने काम हो । यसलाई आवाश्यक बजेट अर्थ मन्त्रालयमा राय माग भई आवश्यक वजेट समेत व्यवस्थापन गर्न सकिने बताएको छ ।

कृषि मन्त्रालयले पनि सवै प्रक्रिया पुरा गरिसकेर आवश्यक मेशिनहरू ल्याउन तयारी समेत गरेको अवस्थामा काहा कस्ले किन रोकिरहेको छ । विगतमा त राजनीतिक पार्टीहरूको कार्यकर्ताले चलाएका सप्लायर्स, कन्ट्रक्शन लगायतको कस्ले ठेक्का पाउने कमिशनको खेलको विवादले रासायनिक मल कारखाना स्थापना गर्न समस्या भएको थियो होला अहिले त सडकवाट जनताले अर्थात नागरिकले आन्दोलनको वलमा स्थापना भएको सरकार छ । यो वेलामा छिटो छरितो ढंगवाट रासायनिक मल कारखाना स्थापनाको लागि काम गर्न सजिलो हुन्थ्यो र नेपाली किसानहरूले रासायनिक मलको लागी जहिले पनि समस्या भोग्दै अएका छन् । यस समस्याको सदाको लागी अन्त्य हुन्थ्यो यो गर्नै पर्ने काम किन भईरहेको छैन ।

कृषि मन्त्रालयले जतिसक्दो चाडो यो काम गर्न सक्नुपर्छ । आवश्यक बजेट अभावकै कारण स्थापन गर्न नसकिने हो भने ऋणमा कतैवाट व्यवस्थापन गरेर भएपनि रासायनिक मल कारखाना स्थापना गर्नु पर्छ । रासायनिक मल कारखाना स्थापना भएर उत्पादन थालेपनि बार्षिक अरबौ रकम विदेश गईरहेको छ । त्यो पैशा ऋण तिर्न पुग्छ ।

त्यसैले जसरी भएपनि रासायनिक मल कारखाना स्थापना गर्न नागरिक सरकारले गर्नुपर्छ । यो आम नेपाली कृषकहरूको माग रहेको छ । यसलाई सम्बन्धित कृषि मन्त्रालय अर्थ मन्त्रालय तथा नेपाल सरकारले नै नेपाली किसान र नेपाल देशको लागी एउटा महत्वपूर्ण काम हुनेछ । यो काम नागरिका सरकारले गरोस् ।

# कहिले बन्ला बागमती सरकारको ‘सिंहदरबार’ ?



■ रोशन पराजुली

> प्रदेश सरकारले विगत ७ वर्षदेखि प्रयास गरिरहेको एकीकृत प्रादेशिक प्रशासनिक संरचना निर्माणको कामको थालनी तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले २०७५ बाटै शुरू गर्नुभएको थियो । प्रदेश सरकारको स्थापनापछि राजधानीको संरचनाका लागि जग्गा खोजी कार्य थाल्नुभएका उहाँले विभिन्न स्थानका जग्गा पनि हेर्नुभयो तर निष्कर्षमा भने पुऱ्याउन सक्नुभएन । त्यसपछि मुख्यमन्त्री बन्नुभएका राजेन्द्र पाण्डे र शालिकराम जम्कट्टेलको कार्यकालमा पनि प्रयास भयो तर जग्गाप्राप्तिको प्रक्रिया टुंगोमा पुग्न सकेन ।

वि.सं. २०७६ बाट शुरु भएको जग्गाप्राप्ति प्रक्रिया अझै जारी रहेकाले बागमती प्रदेशको ‘प्रदेश प्रशासनिक भवन’ कहिले तयार हुने हो भन्ने टुंगो लाग्न सकेको छैन । जसका कारण बागमती सरकारले ‘सिंहदरबार’ निर्माणको औपचारिक अनुमति प्राप्त गर्न सकेको छैन । सोको निर्माण प्रक्रियाले अझै पूर्णता पाउन नसकेको हो ।

कहिले प्रधानमन्त्री कार्यालय त कहिले वन तथा वातावरण मन्त्रालय, कहिले राष्ट्रिय योजना आयोग त कहिले प्रदेश सरकारको गतिरोधका कारण संघीयता कार्यान्वयनको १० वर्ष अवधिमा पनि बागमती सरकारले ‘सिंहदरबार’ निर्माणको औपचारिक अनुमति प्राप्त गर्न सकेको छैन । पछिल्लो समय प्रदेशको प्रशासनिक संरचना निर्माण प्रक्रिया वन तथा वातावरण मन्त्रालयमा पुगेर अल्झिएको छ ।

संघीयता कार्यान्वयनको ८ वर्ष अवधिमा बागमती प्रदेश सरकारबाट प्रादेशिक संरचना निर्माणमा हरेक वर्ष बजेट विनियोजन भए पनि कार्यान्वयन भने आउन सकेको छैन । २०७४ सालमा गठन भएको प्रदेश सरकारका ८ वर्ष अवधिमा ५ मुख्यमन्त्रीसहित ८० भन्दा बढी मन्त्रीहरु पाइसकेको छ । तर, उक्त गौरवको आयोजनाले मूर्तरुप पाउने अवस्था बन्न सकेको छैन । प्रादेशिक संरचना निर्माणका लागि भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत छुट्टै कार्यालयसमेत खडा गरिएको छ । तर, संरचना आयोजना कार्यान्वयन गर्न सक्ने अवस्थामा छैन ।

जग्गाप्राप्ति र रुख कटानसम्बन्धी प्रक्रिया अन्तिम चरणमा पुगेको छ । भवन निर्माणका लागि आवश्यक जग्गाको भोगाधिकार प्राप्त गर्ने फाइल संघीय वन तथा वातावरण मन्त्रालयमा पुगेको र छिट्टै संघीय मन्त्रिपरिषद्बाट स्वीकृत गराएर टुंग्याउने तयारी रहेको बुझिएको छ । जग्गाप्राप्ति गर्दा सो क्षेत्रमा रहेका बोटबिरुवा र रुखहरुको संरक्षण तथा वृक्षरोपणका लागि आवश्यक रकमको सुनिश्चितता प्रदेश सरकारले गरिसकेको छ । बागमती प्रदेश मन्त्रिपरिषद्को भदौमा बसेको बैठकले वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनअनुसार आवश्यक रकम ‘वनकोष’ मा जम्मा गर्ने निर्णय गरिसकेको छ ।

विभिन्न कारण देखाएर उक्त विषयले निष्कर्ष पाउन सकेन । पछिल्लो समय संघीय सरकारको राष्ट्रिय योजना आयोगले ‘राष्ट्रिय गौरवको आयोजना’ निर्धारण गरेसँगै जग्गाप्राप्तिको कानुनी गाँठो खुकुलो बनेको हो । प्रशासनिक भवन नहुँदा कार्यसम्पादनमा असहजता भइरहेको भन्दै मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ आफैं यस प्रक्रिया टुंग्याउन सक्रिय हुनुभएको छ । मुख्यमन्त्रीले विभागीय मन्त्रालयहरुलाई आवश्यक निर्देशन दिँदै संघीय सरकारसँग निरन्तर समन्वय गरिरहनुभएको छ ।

संघीय वन तथा वातावरण मन्त्रालयले प्रदेश सरकारको प्रतिबद्धतापत्र प्राप्त गरिसकेकाले अब फाइल संघीय मन्त्रिपरिषद्मा प्रस्तावका रुपमा लैजानेछ । संघीय क्याबिनेटले जग्गा भोगाधिकारको निर्णय गरेलगत्तै डिभिजन वन कार्यालयमार्फत रुखहरुको गणना, छपान र कटानको काम शुरु हुनेछ । त्यसपछि भवन निर्माणको भौतिक प्रक्रिया अगाडि बढ्ने विश्वास छ ।

बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले संघीय वन मन्त्रालयले मागेका सबै प्रतिबद्धता र सुनिश्चिततासहितको पत्राचार गरिसकेको छ। र, प्रदेश क्याबिनेटले वनकोषमा पैसा जम्मा गर्ने निर्णय गरिसकेकाले अब संघीय क्याबिनेटबाट भोगाधिकारको निर्णय हुनमात्र बाँकी छ। प्रदेशको भौतिक पूर्वाधार मन्त्रालयले यसअघि पुस १४ गते र त्यसपछि पनि संघीय मन्त्रालयले माग गरेअनुसार आवश्यक प्रतिबद्धतापत्र पुस २० मा पठाइसकेको छ ।

प्रदेश सरकारले विगत ७ वर्षदेखि प्रयास गरिरहेको एकीकृत प्रादेशिक प्रशासनिक संरचना निर्माणको कामको थालनी तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले २०७५ बाटै शुरु गर्नुभएको थियो। प्रदेश सरकारको स्थापनापछि राजधानीको संरचनाका लागि जग्गा खोजी कार्य थाल्नुभएका उहाँले विभिन्न स्थानका जग्गा पनि हेर्नुभयो तर निष्कर्षमा भने पुऱ्याउन सक्नुभएन । त्यसपछि मुख्यमन्त्री बन्नुभएका राजेन्द्र पाण्डे र शालिकराम जम्कट्टेलको कार्यकालमा पनि प्रयास भयो तर जग्गाप्राप्तिको प्रक्रिया टुंगोमा पुग्न सकेन ।

बागमती प्रदेशका तत्कालीन मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पत्रकारहरुसँग कुरा गर्दै प्रदेशको ‘सिंहदरबार’ हेटौंडा-१६ मा रहेको शिवम् सिमेन्टसँगै जोडिएको जग्गामा निर्माण गरिने जानकारी दिनुभएको थियो । उहाँले हेटौंडा-१६ मा ५४ बिघा क्षेत्रफलमा प्रदेशको सिंहदरबार बन्ने र जग्गा छनौट गरेर संघीय सरकारलाई स्वीकृतिका लागि पठाइसकिएको बताउनुभएको थियो ।

उहाँले ‘केही दिनभित्र’ अनुमति प्राप्त हुने जानकारी पनि दिनुभएको थियो । उहाँले संरचनाको डिजाइन र निर्माण दुवै काम गर्ने गरी टेन्डर आह्वान गरिने बताउन भ्याउनुभएको थियो । प्रादेशिक संरचना निर्माणका लागि आर्थिक वर्ष २०७९/०८० मै १ अर्ब ५ करोड बजेट विनियोजन गरिएको थियो ।

उहाँका अनुसार हटियामा मुख्यमन्त्री कार्यालयदेखि मन्त्रालयहरु, प्रदेशसभा भवन, प्रदेश लोकसेवा आयोग, सांसद्देखि मन्त्रीका क्वार्टर, विभागहरु, प्रहरी बिटसहित संरचना निर्माण हुनेछन् । हेटौंडाको मुख्य बजारबाट हटिया करिब १० किलोमिटर पूर्व पर्दछ ।

अझैसम्म प्रदेशमातहत मन्त्रालयदेखि अन्य कार्यालय भाडाको घरबाट सञ्चालन भइरहेका छन् । आफ्नै संरचना नहुँदा प्रदेश सरकारको ढुकुटीबाट वार्षिक लाखौं रुपियाँ बजेट घरभाडामा मात्र जाने गरेको छ । भवन अभावमा प्रदेशका ४ वटा मन्त्रालय एउटै भवनमा राखिएको छ ।

प्रदेश सरकारले बजेटमा नै स्थायी संरचनालाई प्राथमिकता दिने बताए पनि छनौट भएका जग्गाका लागि केन्द्रबाट स्वीकृति नआउँदा स्थायी संरचना निर्माण शुरु हुन सकेको छैन । सरकारले हेटौंडामा ८ ठाउँको गरेर कुल १९५.२७ बिघा जग्गा छनौट गरेको थियो ।

समितिले हेटौंडा उपमहानगरपालिका-१९ लेवटमा ८० बिघा, वडा नम्बर १६ मा ५४ बिघा, वडा नम्बर ६ चित्रेपानीमा २० देखि २५ बिघा, वडा नम्बर ९ लामसुरे हाइटमा १५ बिघा, वडा नम्बर १७ डिपोचौर हटियामा १२ बिघा, वडा नम्बर ९ मा हेटौंडा सिमेन्टको स्वामित्व रहेको ५ बिघा, हेटौंडा भोर्लेमा २.१३ बिघा र वडा नम्बर १७ हटियाको पश्चिम डिपोचौरमा २.१४ बिघा जग्गा छनौट गरेर संघीय सरकारसँग स्वीकृति मागेको थियो ।

केन्द्र सरकारको प्रदेशलाई हेर्ने दृष्टिकोण राम्रो नभएकाले प्रदेशको स्थायी संरचना निर्माणका लागि स्वीकृति दिने काम प्राथमिकतामा नपरेको नेताहरुको भनाइ छ । उहाँहरुले आफूहरुले छनौट गरेर पठाएको कतिपय जग्गाको कित्ता नम्बर नभएकाले केन्द्रबाट स्वीकृति आउन ढिलाइ भएको हुनसक्ने बताउनुभयो ।

भवन निर्माण गर्ने गरी आयोजना तयार गरेर तत्कालीन सरकारहरुले पटक-पटक संघीय सरकारलाई पत्राचार गरे । निवर्तमान मुख्यमन्त्री बहादुरसिंह लामाका पालामा प्रधानमन्त्री कार्यालयसँग समन्वय र लबिङपछि २०८१ चैत ६ गते राष्ट्रिय योजना आयोगले योजनालाई राष्ट्रिय गौरवको आयोजना निर्धारण गर्ने निर्णय गरेको थियो ।

आयोगको उक्त निर्णयको पत्र प्रधानमन्त्री कार्यालय हुँदै मुख्यमन्त्री कार्यालयमा प्राप्त भएपछि जग्गाप्राप्तिका लागि संघीय वन तथा वातावरण मन्त्रालय र भूमि व्यवस्था मन्त्रालयमा पत्राचार गरिएको थियो । तर उक्त क्षेत्रमा रहेका वन क्षेत्रको क्षतिपूर्तिबापत रकम सुनिश्चितता नहुँदा पुनः फाइल रोकिएको थियो । पछि फाइल झिकाएर प्रदेश सरकारले रुख कटानबापत क्षतिपूर्ति र वृक्षरोपणका लागि आवश्यक रकम ‘वनकोष’ मा जम्मा गर्ने निर्णय गरेपछि प्रक्रिया अघि बढेको थियो ।

उक्त आयोजनामा २७.५७ हेक्टर (घ्याम्पे र चुरेकाली सामुदायिक वन) को वनक्षेत्र अवस्थित छ भने ३.४५ हेक्टर विद्यालय र सार्वजनिक जग्गा पर्दछ । वातावरणीय प्रभाव मूल्यांकनअनुसार संरचना निर्माणका क्रममा ५ हजार २ सय ४४ वटा रुख काटिनेछन् । जसमा सबभन्दा बढी २ हजार ३ सय ७२ सिसौ र १ हजार ९ सय ३७ खोटसल्लाका रुख छन् । रुख कटानबाट करिब १ हजार ६ सय ४३ घनमिटर काठ र १ हजार ६४२ घनमिटर दाउरा उत्पादन हुने अनुमान छ ।

प्रदेश सरकारले प्रदेश राजधानी पूर्वाधार विकास विशेष आयोजना खडा गरेर डिपोचौरमा ३१.०२ हेक्टर जमिनमा प्रशासनिक संरचना निर्माण गर्ने योजना तयार गरेको छ । मुख्यमन्त्री कार्यालयसहित १० वटा मन्त्रालय, प्रदेशसभा भवन, सुरक्षा निकाय, लोकसेवा आयोग, नीति तथा योजना आयोग, बैंक, क्याफ्टेरिया र शिशु स्याहार केन्द्रसहित २५ वटा आधुनिक संरचनाहरु निर्माण गर्ने गरी ईआईए गरिएको छ ।

# ऐननियम बाझिने गरी सहकारी शाखा खारेज गर्न प्रधानमन्त्री कार्यालयको निर्देशन




काठमाडौं । सहकारी विभागले आफ्नै कानुनी व्यवस्थासँग बाझिने गरी सहकारी संघसंस्थालाई निर्देशन जारी गरेको छ ।

विभागले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको निर्देशन पालना गर्दा आफ्नै ऐन, नियम तथा निर्देशनसँग बाझिने व्यवस्था कार्यान्वयन गर्न भनेको हो ।

विभागले सहकारी संघसंस्थालाई निर्देशन जारी गर्दा प्रधानमन्त्री कार्यालयबाट आएको व्यवस्था कार्यान्वयन गर्न भन्यो । तर, प्रधानमन्त्रीको कार्यालयबाट आएका व्यवस्था कानुनसम्मत छन् वा छैनन भनेर यकिन नै नगरी निर्देशन जारी गर्दा के पालना गर्ने के नगर्ने अन्योलमा सहकारी संघसंस्था देखिएका छन् ।

नियामक निकायबाट स्वीकृति लिए शाखा तथा सेवा कार्यालय स्थापन गर्न पाउने व्यवस्था सहकारी ऐनमा भए पनि खारेज गर्ने सम्बन्धी कानुनी व्यवस्था भएको पाइँदैन ।

तर, विभागले समान्य कारोबार राफसाफ गरेर बन्द गर्न निर्देशन दिएपछि बचत तथा ऋृण सहकारी केन्द्रीय संघले त्यसको विरोध गरेको छ ।

'विभागको पछिल्लो निर्देशन पालन गर्दा यसअघिका कानुन पालना हुँदैन,' एक सहकारीकर्मीले भने, 'नियामक धेरै त्यसमा पनि समन्वय र एकरूपता नभएपछि कार्यान्वयन गर्न हामीलाई समस्या हुने गरेको छ ।'

विभागले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको पत्रबाट भन्दै उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग २०८१ ले सिफारिस गरेका विषयलाई कार्यान्वयन गर्नू भन्दै विभागलाई पत्राचार गर्‍यो ।

त्यसअघि प्रधानमन्त्री कार्यालयले यस्तो कार्यान्वयन गराउनू भन्दै सहकारी मन्त्रालयलाई भनेको थियो । सोही अनुसार मन्त्रालयलले विभागलाई सहकारीका शाखा खारेज, कर्जा निक्षेप अनुपात ९० प्रतिशत, एकल ग्राहक सीमा तथा क्षेत्रगत कर्जा लगानीको समेत सीमा ताकेको छ । तर, यसभन्दा अघि एक ग्राहक कर्जा सीमा, कर्जा निक्षेप अनुपात, शाखा खारेजका व्यवस्था कानुनमा छैनन ।

कर्जा दिने र बचत लिने सीमा पूँजी कोषका आधारमा १५ गुणासम्म कायम गरिएको छ । त्यसैगरी सहकारीको एकल ग्राहक कर्जा सीमा पूँजी कोषको १५ प्रतिशत रहेकोमा निर्देशनले त्यसलाई सेयर पूँजीको १० प्रतिशतमा झारेको छ ।

सहकारीले आफ्नो प्रयोगका लागि जग्गा खरिद गर्दा पनि विभिन्न सर्त छन् । तर, निर्देशनले ती सर्तसँग बाझिने गरी आफ्नो प्रयोगका लागि खरिद गर्न पाउने तथा सदस्यलाई एउटा घर वा जग्गा खरिदका लागि कर्जा दिने व्यवस्था गरेको छ ।

विभागको निर्देशन अनुसार एकभन्दा बढी शाखा खोली सञ्चालनमा रहेका सहकारीलाई हिसाब राफसाफ गरी शाखा बन्द गर्न/गराउन सक्नेछन् ।

त्यसैगरी सहकारी संस्थाले कम्पनी वा कुनै संगठित संस्थालाई सदस्य बनाउन निषेध गर्ने, प्राकृतिक व्यक्तिमात्र सदस्य हुन पाउने व्यवस्था कार्यान्वयन गराउन विभागले निर्देशन दिएको हो ।

एकै व्यक्तिलाई एउटा वा एकभन्दा बढी तमसुकबाट हुने कुल ऋृण लगानी संस्थाको कुल सेयर पूँजीको १० प्रतिशतभन्दा बढी हुन नदिने व्यवस्था कार्यान्वयन गर्न विभागले निर्देशन दिएको छ ।

सोही निर्देशनमा बचत तथा ऋृण सहकारी संस्थाले आफ्नो प्रयोग बाहेक बिक्री गर्ने प्रयोजनका लागि जग्गा खरिद नगर्ने र गर्न नदिने व्यवस्था गरेको छ ।

बचत तथा ऋृण सहकारी संस्थाले घर आवास नभएका सदस्यलाई आवास निर्माण गर्ने प्रयोजनका लागि निश्चित क्षेत्रफल (१ हजार वर्ग मिटर) सम्ममात्र जग्गा खरिद गर्न ऋृण दिने व्यवस्था गर्ने निर्देशन दिएको छ ।

साथै, बचत तथा ऋृण सहकारी संस्थाले एकै उद्देश्य या क्षेत्रमा कुल लगानीको २५ प्रतिशतभन्दा बढी गर्न नपाउने र कर्जा निक्षेप अनुपात अधिकतम ९० प्रतिशतसम्म मात्र हुने गरी गर्न विभागले निर्देशन दिएको छ ।

सहकारी मन्त्रालयले विभागलाई पठाएको निर्देशन कार्यान्वयन गर्न भनेको विभागका सूचना अधिकारी शशिकुमार लम्सालले बताए ।

'मन्त्रालयबाट आएको कुरालाई ऐन, नियम तथा निर्देशनसँग भिडाएर निर्देशन जारी गरेको होइन,' लम्सालले भने, 'जस्तो आयो त्यस्तै कार्यान्वयनका लागि निर्देशन दिइएको हो ।'

मन्त्रालयबाट कार्यान्वयन गर्न भनेर आएपछि विभागले रोक्न नमिल्ने विभागकै अर्का एक अधिकारीले बताए । कम्पनी सहकारी संस्थाको सदस्य बन्न नसक्ने व्यवस्था सहकारी ऐनमै भए पनि कार्यान्वयन हुन नसकेको उनले बताए ।

'ऐन नै बेवास्ता गरेर केही सहकारी संस्थाले कम्पनीलाई पनि सदस्य बनाएका छन्,' ती अधिकारीले भने, 'त्यसलाई अब अनिवार्य कार्यान्वयन गराइने गरी निर्देशन दिइएको हो ।'

सहकारी संस्थाहरू स्वनियमनमा चल्ने भएकाले नियामकले मार्गदर्शन मात्रै गर्ने उनको भनाइ छ । अहिले ७ सय ५३ वटै स्थानीय निकायले हेर्छन् । सहकारी संघसंस्था नै धेरै भएकाले पनि नियामकले समेत काम गर्न नसकेको उनको बताए ।

सहकारी संस्थाको संख्या नै ३३ हजारभन्दा धेरै रहेको विभागले जनाएको छ । अहिले स्थानीय तहले ८०, प्रदेशले १९.५ र केन्द्रले ०.५ प्रतिशत मात्रै सहकारीको नियमन गर्ने व्यवस्था छ ।

अहिलेसम्म विभागमा झन्डै २० हजार संस्थाले लगइन गरेका छन् । दर्ता भएका सबै सहकारी सञ्चालनमा छैनन् । सञ्चालनमा रहेका सहकारी संख्या करिब २५ हजार हुन सक्ने विभागको अनुमान छ ।

## रामेछाप डायरी

# रामेछाप नगरपालिकामा कृषि मेला हुँदै



रामेछाप नगरपालिकामा कृषि मेला हुने भएको छ । नगरपालिकाले स्थानीय कृषक, उद्यमी तथा संस्थालाई लक्षित गर्दै कृषि मेला प्रदर्शनी-२०८२ मा सहभागिताका लागि सूचना जारी गरेको हो ।

यहि माघ २१ गते हुने मेलामा नगरका ९ वटै वडामा उत्पादन भएको कृषि तथा पशुपन्छीजन्य वस्तु प्रदर्शन गर्न आह्वान गरिएको छ । रामेछाप नगरपालिका ८ को बिहिबारे हाट बजारमा कृषि मेला आयोजना हुनेछ । नगरपालिका क्षेत्रभित्र उत्पादन तथा प्रशोधन भएका कृषिजन्य सामाग्रीलाई बजार प्रोत्साहन तथा पहिचान गराउने उद्देश्यले सञ्चालन हुन लागेको मेलामा कृषि तथा पशुपालन र उद्यमीहरुबाट उत्पादित मालसामान प्रदर्शनीमा राखिने छ ।

मेलामा सहभागिताका लागि सामग्रीसँगै नाम दर्ता गर्ने कृषक तथा उद्यमीलाई उपयुक्त पुरस्कार तथा प्रोत्साहनको व्यवस्था समेत गरिएको नगरपालिकाका कृषि शाखा प्रमुख कृष्ण भुजेलले जानकारी दिनुभयो ।

मेलाको समन्वय तथा सहभागिताका लागि कृषकलाई सम्बन्धित वडा कार्यालय, कृषि तथा पशु सेवा प्रवर्द्धन शाखा र उद्योग शाखासँग सम्पर्क गर्न आग्रह गरिएको छ ।

# रामेछाप नगरपालिका–७ को सार्वजनिक सुनुवाई कार्यक्रम

रामेछापको रामेछाप नगरपालिका-७ मा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ । वडाले चालु आर्थिक वर्षको हालसम्म अर्थात ६ महिनाको अवधिमा भएका विकास निर्माण र सेवा प्रवाह विषयक सार्वजनिक सुनुवाई कार्यक्रम गरेको हो । कार्यक्रममा वडाले चालु आ.व को हालसम्म गरेका कामहरुको बारेमा वडा सचिव भागवत कुमार श्रेष्ठले जानकारी गराउनुभयो ।

उहाँले विकास निर्माणका योजना,सामाजिक सुरक्षा भत्ता वितरण,शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा पुगेको सेवा लगायतका विषयको विवरण प्रस्तुत गर्नभयो । प्रगती विवरण पश्चात विकास निर्माणको अवस्था,सेवा लिन आउने नागरिकले भोगेका समस्या, गुनासो, सुधारका सुझाव तथा आगामी अपेक्षाबारे खुला छलफल गरिएको हो ।

सार्वजनिक सुनूवाई कार्यक्रममा सहभागीहरुले सोधेको प्रश्न र जवाफदेहीबक्ताहरु दिएको जवाफको आधारमा ५ बुदे प्रतिबद्धताहरु व्यक्ति गरिएको छ । प्रतिबद्धताहरुमा कृषकहरुले उत्पादन गरेका कृषि उत्पादनको ओसार पसार गर्न माग अनुसार कृषि एम्बुलेन्स प्रयोग गर्न पाउने र सोही अनुसार प्रवन्ध मिलाईने, जाडोको समयमा डेरीले दुध लिन नमानेको गुनासो सम्बोधन गर्नका लागि डेरी संचालकसँग छलफल तथा समन्वय गरिने,बाँदर आतंक नियन्त्रणका लागि अन्य सरोकारवाला निकायसँग छलफल गरी वैकल्पिक उपायको खोजि गरिने, सुकाजोरको पालेवन महतारा टोल सहित विभिन्न ठाउँमा चालु आ.व मा माग अनुसार थप प्रतिक्षालय बनाउने र भैंसी पालन गरिरहेका किसानलाई थप प्रोत्साहनको कार्यक्रम संचालन गरिने कुरा प्रतिबद्धता पत्रमा उल्लेख गरिएको छ ।

रामेछाप नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भोला प्रसाद चापागाईले नगरपालिकासँग सम्बन्धित नागरीकहरुले सोधेको प्रश्नको जवाफ दिनुभयो । वडा अध्यक्ष समिर कार्कीका अनुसार कार्यक्रममार्फत प्राप्त सुझावलाई आगामी नीति, योजना र सेवामा समायोजन गर्दै वडालाई अझ प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा स्थानीय बासिन्दा, सामाजिक सङ्गठनका प्रतिनिधि, विद्यालय तथा स्वास्थ्य संस्थाका प्रमुख, महिला समूह तथा युवाको सहभागिता रहेको थियो। सहभागीहरूले वडामा सेवा प्रवाह झनै सहज बनाउन, समस्या समाधान प्रक्रियालाई चाँडो बनाउन तथा प्रमुख योजनाहरूमा जनसहभागिता बढाउन सुझाव राखेका छन्। सार्वजनिक सुनुवाईले स्थानीय तह र नागरिकबीच समन्वय, पारदर्शिता र जवाफदेहितालाई सुदृढ बनाउने अपेक्षा गरिएको छ ।

# छाङरु र तिङ्करका मतदाताले सदरमुकाम खलङ्गाबाटै गर्नेछन् मतदान



खलङ्गा (दार्चुला) । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि दार्चुलामा दुई अस्थायी मतदान केन्द्र कायम गरिएको छ ।

जिल्ला निर्वाचन कार्यालयका अनुसार ब्यासँ गाउँपालिका-१ का छाङरु र तिङ्कर गाउँका मतदातालाई लक्षित गरी सदरमुकाम खलङ्गामा अस्थायी मतदान केन्द्र तोकिएको हो । मुख्य निर्वाचन अधिकृत भुवन गिरीका अनुसार भौगोलिक विकटता र मौसमी अवस्थाका कारण लिपुलेक मुनिका छाङरु तथा तिङ्करका मतदाता हाल खलङ्गामै बसोबास गरिरहेका छन् । सोही कारण उनीहरूलाई सहज रूपमा मतदान गर्न खलङ्गामै मतदान केन्द्र कायम गरिएको हो । छाङरुका मतदाताका लागि कैलाशपति आधारभूत विद्यालय र तिङ्करका मतदाताका लागि मोति महिला सङ्घ आधारभूत विद्यालयमा अस्थायी मतदान केन्द्र तोकिएको उनले बताए । निर्वाचन कार्यालयले सार्वजनिक गरेको विवरण अनुसार कैलाशपति आधारभूत विद्यालयमा ३ सय ७५ र मोति महिला सङ्घ आधारभूत विद्यालयमा २ सय ४४ मतदाता सूचीकृत छन् । विसं २०७९ को निर्वाचनमा छाङरुमा ३ सय ८३ र तिङ्करमा २३४ मतदाता रहेका थिए । यसअघि स्थानीय तह निर्वाचन पनि ती क्षेत्रमै सम्पन्न गरिएको मुख्य निर्वाचन अधिकृत गिरीले बताए । यसपटक गत मङ्सिर महिनामै स्थानीय बासिन्दा सदरमुकाम झरेपछि यही माघ ५ गते मतदान केन्द्र खलङ्गामै राख्न माग गरिएको थियो । सो मागलाई मध्यनजर गर्दै अस्थायी मतदान केन्द्र कायम गरिएको मुख्य निर्वाचन अधिकृत गिरीले बताए । सदरमुकाममै मतदान केन्द्र तोकिँदा मतदाताको सहभागिता बढ्ने अपेक्षा गरिएको छ ।

जिल्लाभर प्रतिनिधिसभा निर्वाचनका लागि ११२ मतदानस्थल र १४३ मतदान केन्द्र तोकिएका छन् । प्रमुख जिल्ला अधिकारी अनिल पौडेलका अनुसार तीमध्ये १५ मतदानस्थल अतिसंवेदनशील, ३२ संवेदनशील र ६५ सामान्य अवस्थामा राखेर सुरक्षा योजना बनाइएको छ । मतदाता सङ्ख्याको विवरण अनुसार यसपटक दार्चुलामा कुल ९२ हजार ९४८ मतदाता रहेका छन् । तीमध्ये ४७ हजार ७५५ पुरुष र ४५ हजार १९३ महिला मतदाता रहेका छन् । निर्वाचनलाई व्यवस्थित, निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सबै तयारी तीव्र पारिएको प्रजिअ पौडेलले बताए ।

# नेपालमै अवसर पहिचान गर्नुपर्छ : प्रधानमन्त्री कार्की



काठमाडौं । प्रधानमन्त्री सुशीला कार्कीले नेपालमा नै अवसरको पहिचान गर्न युवा विद्यार्थीहरुलाई आह्वान गरेकी छन् ।

आइतबार काठमाडौंमा आयोजित नेपाल खुल्ला विश्वविद्यालयको पहिलो दीक्षान्त समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री कार्कीले स्वदेशमा नै बसेर मुलुक बनाउनुपर्ने भन्दै नेपालमा नै अवसरको पहिचान गर्न युवा विद्यार्थीहरुलाई आह्वान गरेकी हुन्।

उनले मुलुकमा देखिने तमाम व्यथितिबाट भाग्ने नभई आफै डटेर सामना गर्नंपर्नेमा जोड दिइन् । अवसर नभएका ठाउँमा नयाँ अवसरहरूको सिर्जना गरेर जहाँ गए पनि नेपालले गर्व गर्न सक्ने नागरिक भएर अघि बढ्न आग्रह गरिन् । मारोहमा कुलपतिसमेत रहेकी प्रधानमन्त्री कार्कीले विज्ञान, स्वास्थ तथा प्रविधि सङ्काय, सामाजिक शास्त्र तथा शिक्षा सङ्काय र व्यवस्थापन तथा कानुन सङ्कायका गरी पाँच सय ४५ उत्तीर्ण विद्यार्थीलाई दीक्षित गरिन् । तीमध्ये समारोहमा एक सय ९१ को उपस्थिति थियो ।

प्रधानमन्त्री कार्कीले स्नातक र स्नातकोत्तर तहमा उत्कृष्टता हासिल गर्ने विद्यार्थीलाई कुलपति पदकसमेत वितरण गरेकी थिइन् ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- २६,
२०८२ साल माघ १३ गते मंगलबार
27 JANURY 2026, TUESDAY

# चोरी निकासीबारे निजी क्षेत्रले गरायो सरकारको ध्यानाकर्षण

काठमाडौं। उद्योगी व्यवसायीले भन्सारबाट हुने चोरीपैठारी तथा निकासी नियन्त्रण गर्न सरकारको ध्यानाकर्षण गराएका छन्।

अन्तर्राष्ट्रिय भन्सार दिवसको अवसरमा सोमबार आयोजित कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल चेम्बर अफ कमर्शका अध्यक्षले भन्सार चोरी पैठारी व्यावसायिक वातावरणका लागि ठूलो समस्या रहेको बताएका हुन्।



नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालले भन्सारबाट हुने चोरी निकासी तथा पैठारी निकै पुरानो समस्या भएकाले सरकारले यसमा ध्यान दिनुपर्ने बताए।

'अहिले कारोबार मूल्यमा आधारित भन्सार मूल्यांकनमा जानु सकारात्मक छ,' उनले भने, 'तर भन्सार छलेर विभिन्न नाका हुँदै भित्र्याइने सामान नेपालको व्यावसायिक वातावरणका लागि ठूलो समस्या हो। यसतर्फ सरकार कडा भएर लाग्नुपर्‍यो।'

ढकालले नगद कारोबारमा माघदेखि लगाइएको ५ लाखको सीमाप्रति पनि असन्तुष्टि जनाए। 'धेरै मुलुकमा १० हजार डलरसम्म नगद कारोबार गर्न मिल्छ । तर हाम्रोमा साढे ३ हजार डलर बराबर मात्रै राख्नु अलि व्यावहारिक देखिंदैन। यसको पुनरावलोकनबारेपनिसरकारलेसोच्नुपर्छ,' उनले भने।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश अग्रवालले उच्च भन्सार दरका कारण खुला सीमाबाट चोरी निकासी तथा पैठारी भइरहेको बताए। अग्रवालले भने, 'भन्सार दर असाध्यै महँगो भयो। यसले गर्दा खुला सीमाको फाइदा उठाएर चोरी निकासी भइरहेको छ। सरकारले भन्सार दर अधिकतम २५ प्रतिशतमा सीमित पार्न सके नियन्त्रण हुन्छ।'

भारतले जीएसटी दर घटाएकाले नेपाली बजारलाई प्रतिस्पर्धी बनाउन मूल्य अभिवृद्धि लगायत करका दर समायोजन गर्न आवश्यक रहेको अग्रवालले बताए।

उनले भन्सारमा असाध्यै कडा दण्ड जरिबाना सम्बन्धी व्यवस्था पनि पुनरावलोकन गर्न माग गरे। उनले भने, 'अत्यधिक कठोर र अव्यावहारिक नीतिका कारण व्यापारमैत्री वातावरणको अनुभूति हुन सकेको छैन। सानो गल्तीमा पनि व्यवसायीले अनवाश्यक दुःख पाइरहेका छन्।'

# अनर एक्स ९-डीको बुकिङ खुला, कार जित्ने अवसर

काठमाडौं । चिनियाँ मोबाइल ब्राण्ड अनर नेपालले अनर एक्स ९-डी सार्वजनिक गरेको छ। मजबुत बनावट, लामो समय चल्ने ब्याट्री र उच्च गुणस्तरको क्यामरासहित यो मोबाइल बजारमा ल्याइएको हो ।

अनर एक्स ९-डीमा २.५ मिटर उचाइबाट खस्दा पनि नबिग्रने क्षमता, पानी र धुलोबाट जोगिने उच्च स्तरको सुरक्षा, आठ हजार तीन सय मिलिएम्पियर क्षमताको ब्याट्री तथा एक सय आठ मेगापिक्सल क्षमताको क्यामरा जडान गरिएको छ।

अग्रिम बुकिङ गर्ने ग्राहकलाई १५ हजार नौ रूपैयाँ बराबरको अनर ब्रान्डको स्मार्ट घडी निःशुल्क प्रदान गरिनेछ। साथै, एक वर्षसम्म लागु हुने २० हजार रूपैयाँ बराबरको सेवा सुविधा पनि उपलब्ध हुनेछ, जसमा




पर्दा, पछाडिको भाग र पानीबाट हुने क्षतिको मर्मत समावेश गरिएको छ।

यसबाहेक, एक जना भाग्यशाली ग्राहकले ५८ लाख मूल्य बराबरको विद्युतीय कार जित्ने अवसर पाउनेछन्। कम्पनीले ग्राहकलाई नजिकको आधिकारिक बिक्री केन्द्रमा गई अनर एक्स९-डी अग्रिम बुकिङ गर्न आग्रह गरेको छ।

बुकिङ अफर ग्राहकले सोमबारदेखि बुधबारसम्म पाउनेछन्। यो फोन ८ जिबी २५६ जिबी र १२ जिबीर२५६ जिबी गरी दुई क्षमतामा पाइन्छ। फोनको मूल्य क्रमशः ५४ हजार ९ सय ९९ र ५९ हजार ९ सय ९९ रूपैयाँ तोकिएको छ।

# स्किल विक २०२६ को समापन पाँच व्यक्तित्व स्किल हिरो अवार्डबाट सम्मानित



काठमाडौं- ग्लोकल प्रा.लि.को एक इकाई, ग्लोकल आफ्टर स्कूलको आयोजनामा सञ्चालित स्किल विक २०२६ को सातौं संस्करण ललितपुरस्थित द प्लाजामा सोमबार एक भव्य समारोहका साथ सम्पन्न भएको छ।

प्रख्यात उद्यमी, सरकारी कूटनीतिज्ञ र १०० भन्दा बढी उत्साही युवाहरूको उपस्थितिमा यो कार्यक्रम समापन गरिएको हो। स्किल विक २०२६ विभिन्न कार्यक्रम, सिर्जनशीलता, र प्रेरणाले भरिएको एक विशेष उत्सव हो, जसले युवाहरूमाझ विभिन्न सिप र अन्तर्दृष्टि प्रदान गर्ने उद्देश्य राख्दछ।

यस वर्ष यस हप्तालाई कार्यशाला, सिप केन्द्रित प्रतियोगिता, प्रदर्शनी, र सिकाइ सत्रहरूका साथै मनोरञ्जनात्मक गतिविधिहरू समावेश गरी एउटा इन्फोटेनमेन्ट हप्ताको रूपमा मनाइयो। जनवरी ११ देखि १६ सम्म आयोजित यस छैटौं संस्करणमा विभिन्न क्षेत्रका विज्ञहरूले युवाहरूलाई आफ्नो ज्ञान र अनुभव बाँडेका थिए।

कला र संस्कृति, उद्यमशीलता, पर्यटन तथा आतिथ्य, र विज्ञान तथा प्रविधि गरी चार मुख्य क्षेत्रमा केन्द्रित यस कार्यक्रममा रोजगार मेला, केस स्टडी प्रस्तुतीकरण, र सांगीतिक कन्सर्ट जस्ता रोचक गतिविधिहरू पनि समावेश थिए।

कार्यक्रमको समापन समारोहमा ग्लोकल आफ्टर स्कूलद्वारा सिपको क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याउने पाँच जना दिग्गज व्यक्तित्वहरूलाई स्किल हिरो अवार्ड बाट सम्मानित गरिएको थियो। उद्योग, शिक्षा क्षेत्र र सरकारसँग सहकार्य गर्दै सीप प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित यस कार्यक्रमले नयाँ सीपहरू सिक्ने र प्रदर्शन गर्ने मञ्च प्रदान गरेको थियो।

# सांग्रिला डेभलपमेन्ट बैंकको नाफा ७३.५३ प्रतिशतले बढ्यो, खराब कर्जामा वृद्धि




काठमाडौं । कर्जा नोक्सानी घट्दा सांग्रिला डेभलपमेन्ट बैंकको नाफा बढेको छ। चालु आर्थिक वर्षको दोस्रो त्रैमास (पुस मसान्त) सम्म बैंकको खुद नाफा ७३.५३ प्रतिशतले बढेर ३० करोड २५ लाख पुगेको छ। पोहोर सोही अवधिमा खुद नाफा १९ करोड ६५ लाख रुपैयाँ थियो।

कर्जा नोक्सानी घटेर ब्याज आम्दानीसँगै फी-कमिसन बढ्दा बैंकको नाफा बढेको हो। पुस मसान्तसम्म बैंकको ब्याज आम्दानी १८.४८ प्रतिशतले बढेर १ अर्ब ८ करोड ८० लाख पुगेको छ। पोहोर ६ महिनामा बैकले ९१ करोड ८२ लाख ब्याज आम्दानी गरेको थियो। साथै, फी कमिसन ११.२९ प्रतिशतले बढेर १२ करोड ५३ हजार गरेको छ।

बैंकको प्रोभिजनिङ १५.२० प्रतिशतले घटेको छ। गत वर्षको ६ महिनामा २० करोड ८५ लाख प्रोभिजनिङ गरेको बैंकले अहिले १७ करोड ६८ लाख छुट्याएको छ।

लघुवित्तको खराब कर्जा बढेको छ। पोहोर ४.४४ प्रतिशत रहेको खराब कर्जा अहिले ४.५२ प्रतिशत पुगेको हो।

लघुवित्तको १०.४७ रुपैयाँ र प्रतिसेयरनेटवर्थ १२८.२१ रुपैयाँ रहेको छ। पुस मसान्तसम्म लघुवित्तको वितरणयोग्य मुनाफा ४ करोड ७५ लाख रुपैयाँ पुगेको छ। पोहोर ६ महिनामा यस्तो आम्दानी ३ करोड ९४ लाख थियो।

बैंकको खराब कर्जा भने बढेको छ। पोहोर ६ महिनामा ४.९९ प्रतिशत रहेको खराब कर्जा अहिले ६.८७ प्रतिशत पुगेको छ। पुँजीकोष सुधार भएको छ। बैंकको पुँजीकोष अनुपात १४.१२ प्रतिशत पुगेको छ। पोहोर ६ महिनामा पुँजीकोष अनुपात १३.३२ प्रतिशत थियो।

बैंकको बेसरेट ६.१७ प्रतिशत रहेको छ। कष्ट अफ फण्ड ४.११ प्रतिशत छ। १६.२१ रुपैयाँ प्रतिसेयर आम्दानी भएको बैंकको प्रतिसेयर नेटवर्थ १५३.२४ रुपैयाँ छ।

बैंकको वितरणयोग्य मुनाफा ९ करोड ४६ लाख पुगेको छ।

# राष्ट्रिय वाणिज्य बैंकको निष्क्रिय कर्जा ४.५५ प्रतिशत, नाफा १ अर्ब ७५ करोड

काठमाडौं। सरकारी स्वामित्वको राष्ट्रिय वाणिज्य बैंकको चालु आर्थिक वर्षको प्रथम ६ महिनासम्मको निष्क्रिय कर्जा ४.५५ प्रतिशत छ। बैंकको अपरिस्कृत विवरणअनुसार नाफा १ अर्ब ७५ करोड छ।

बैंकको ६१औं वार्षिकोत्सवका अवसरमा शनिबार यहाँ आयोजित कार्यक्रममा बैंक सञ्चालक समितिका अध्यक्ष देवकुमार ढकालले उत्पादनशील क्षेत्रलाई प्राथमिकतामा राखेर बैंकले कर्जा प्रवाह गरिरहेको जानकारी दिए।

'हाल पुँजीबजार, निर्माण, सेवा, लगानी प्रवर्धन एवं विकास निर्माणका क्षेत्रमा सकारात्मक सङ्केत देखिएका छन्, यसले अर्थतन्त्रमा आशाको सञ्चार गरेको छ,' उनले भने।

बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले नवीन सोच र सङ्कल्पका बैंकले वित्तीय सेवा प्रवाह गर्दै आएको बताए।

कर्जा प्रवाह बढाउनु चुनौती भएको स्वीकार गर्दै उनले भने, 'बैंकको पुँजीको आधार सुदृढ बनाउन ३ खर्ब रुपैयाँ बराबरको ऋणपत्र निष्कासनको तयारीमा रहेको छ। बैंकसँग हाल कर्जा निक्षेपको अनुपातका आधारमा १ खर्ब ७१ अर्ब रुपैयाँ तथा तरलताका आधारमा १ खर्ब ३९ अर्ब रुपैयाँको लगानीयोग्य रकम देखिएतापनि पुँजी पर्याप्ताका आधारमा थप १८ अर्ब रुपैयाँ मात्र कर्जा प्रवाह गर्ने अवस्था छ।'

कार्यक्रममा दिइएको जानकारीअनुसार बैंकले निक्षेपतर्फ ४७ लाख ४३ हजार र कर्जातर्फ २ लाख २६ हजारभन्दा बढी ग्राहकलाई सेवा दिँदै आएको छ। चुक्ता पुँजी १५ अर्ब ६३ करोड रुपैयाँ भएको बैंकले चालु आवका ६ महिनामा कुल निक्षेप ५ खर्ब ५३ अर्ब रुपैयाँ सङ्कलन तथा १९ अर्ब रुपैयाँ बराबरको कर्जा प्रवाह गरेको छ। रासस

# हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिडेटको ३२ औँ वार्षिक साधारणसभा सम्पन्न

काठमाडौं- हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेडको ३२ औं वार्षिक साधारणसभा सफलतापूर्वक सम्पन्न भएको छ ।

साधारणसभा अध्यक्ष महेन्द्र कृष्ण श्रेष्ठको अध्यक्षतामा अनमोल व्यङ्क्वेट शंखमुल काठमाडौंमा सम्पन्न भएको हो । साधारणसभा र लाभांश वितरणको प्रयोजनका लागि कम्पनीको शेयरधनी दर्ता २०८२ पुष २१ गतेका लागि बन्द गरिएको थियो । २०८२ पुष २० गतेसम्म कायम शेयरधनी साधारणसभामा उपस्थित भएका थिए ।




उक्त साधारणसभाबाट आ.व.२०८१र०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तन पारित गर्नका साथै सोही आ।व। को मुनाफाबाट शेयरधनीहरुलाई चुक्ता पूँजीको ८ प्रतिशतका दरले हुन आउने रकम रु.२०,००,१२,५९२ बराबरको नगद लाभांश (कर समेत) समेत पारित गरेको छ ।

साथै, आ.व. २०८२र०८३ को लागि कम्पनीको बाह्रय लेखापरीक्षकको नियुक्ती र पारिश्रमिक समेत साधारण सभाबाट पारित भएको छ ।

# सिद्धार्थ बैंकका ग्राहकलाई आइएमई हस्पिटालिटी ग्रुपमा १० प्रतिशतसम्म छुट

काठमाडौं- सिद्धार्थ बैंक र आइएमई हस्पिटालिटी ग्रुपबीच बैंकका ग्राहकहरूलाई विभिन्न सेवामा छुट प्रदान गर्ने सम्बन्धी सम्झौता भएको छ।

सम्झौता अनुसार लाजिम्पाटस्थित होटलले हिमालय तथा साके एण्ड फेङ्ग रेष्टुरेन्ट, हर्कपुर तथा बागलुङ स्थित इला कम्फर्ट, मौलाकाली स्थित इला रिसोर्टस्, मौलाकाली केबल कार, लुम्बिनी केबल कार र पोखरा स्थित द् लेक रिट्रिटमा बैंकका ग्राहकहरूले बैंकको कार्ड वा मोबाइल बैंकिङ प्रयोग गरी भुक्तानी गर्दा १० प्रतिशतसम्मको छुट प्राप्त गर्न सक्नेछन्।

यस सम्झौताले ग्राहकहरूलाई छुटको सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ।

आकाश
WWW.JANAAKASH.COM.NP



## खेलकुद

# नेपालको विश्वकप पुग्ने चुनौती सकियो



काठमाडौं- नेपाल आइसिसी महिला ट्वान्टी-२० विश्वकप ग्लोबल छनोटको पहिलो चरणबाटै बाहिरिएको छ ।

सोमबार कीर्तिपुरस्थित त्रिवि क्रिकेट रंगशालामा सम्पन्न समूह 'बी'को अन्तिम खेलमा स्कटल्यान्डसँग ७२ रनको फराकिलो हार बेहोरेसँगै नेपालको यात्रा पहिलो चरणमै सीमित भएको हो । स्कटल्यान्डले दिएको १४१ रनको मध्यम लक्ष्य नेपालले पछ्याउन सकेन । नेपालले १३.५ ओभरमा सबै विकेट गुमाउँदा मात्र ६८ रन जोड्न सक्यो ।

नेपालका लागि रोमा थापाले अविजित १४, विन्दु रावलले १४ र रुविना क्षेत्रीले १० रन बनाए । अन्य ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन् ।

स्कटल्यान्डका लागि अब्ताहा मकसुदले सर्वाधिक तीन विकेट लिए । त्यस्तै क्याथरिन फ्रेजर र कप्तान क्याथरिन ब्राइसले समान दुई विकेट लिए । यसैगरी राहेल स्लेटर र ओलिभिया बेलको नाममा एक-एक विकेट रह्यो ।

त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको स्कटल्यान्डले निर्धारित २० ओभरमा सबै विकेट गुमाउँदै १४० रनको योगफल तयार पारेको थियो । स्कटल्यान्डका लागि प्रियनाज चटर्जीले अविजित ४५, एल्सा लिस्टरले २२, सारा ब्राइसले १८, मेगन म्याककोलले १७ र राहेल स्लेटरले ११ रन बनाए ।

नेपालका लागि मनिषा उपध्यायले सर्वाधिक चार विकेट लिए । त्यस्तै रुविना क्षेत्रीले तीन खेलाडीलाई पवेलियनको बाटो देखाउँदा रिया शर्मा, सीता रानामगर र कविता जोशीले समान एक विकेट लिए ।

यो हारसँगै चार खेलमा दुई अंक जोडेको नेपाल समूह 'बी' को चौथो स्थानमा रह्यो । जित निकालेको स्कटल्यान्डले भने समान खेलबाट ६ अंकका साथ सुपर सिक्सको यात्रा तय गरेको छ । नेपालको हारसँगै ४ अंक जोडेको थाइल्यान्ड पनि सुपर सिक्समा पुग्यो । नेदरल्यान्ड्स भने ३ लगातार जित हात पार्दै सुपर सिक्समा पहिलै पुगिसकेको थियो ।

# रास्वपाले समर्थन गरेपछि महावीरले भने– बल्ल बुद्धि आएछ !




बेनी- आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि म्याग्दीमा स्वतन्त्र उमेदवार बनेका निवर्तमान शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनलाई राष्ट्रिय स्वतन्त्र पार्टीका उमेदवार युवराज रोकाले सर्मथन गरेका छन् ।

पुनले बेनीको वीरेन्द्रचोकमा आयोजना गरेको पत्रकार सम्मेलन स्थलमा पुगेका रोकाले पार्टीको निर्देशन र शुभेच्छुकहरूको सुझाव अनुसार महाविरलाई सघाउने निर्णय गरेको जानकारी गराए । 'हामीले महावीर सरलाई फोन गर्दा कुरा गर्नै नचाहने, फोन उठाएर पनि त्यत्तिकै राखिदिने गर्नुभयो, अर्कोतर्फ उमेदवारी फिर्ता लिएर समर्थन गर्न दबाब आइरहेको थियो,' रोकाले भने, 'हिजो ढिलाइका कारण आधिकारिक रुपमा प्रत्यक्षतर्फ महावीर सरलाई सघाएर आफ्नो उमेदवारी निष्क्रिय बनाएको घोषणा गर्दछु ।'

करिब एक घण्टासम्म आफ्नो भनाइ राखेका महावीरले बोल्ने क्रममा पुगेका रोकालाई सहयोगीहरूले उनीसँगै उभाएर तत्कालै समर्थन गरेको घोषणा गराउने तयारी गरे । तर महावीरले 'कति आत्तेको ? एकछिन पखन्' भन्दै कुराए । अन्तिममा 'के हो ? कुरा लौ आउ भन' भनेर मञ्चमा बोलाए ।

युवराजले आफ्नो भनाइ राखे । त्यतिबेलासम्म महवीर बेवास्ता गरिरहे जस्तो देखिन्थे । सर्मथकहरूले हात मिलाउनु भनेपछि 'बल्ल बुद्धि आएछ' भन्ने प्रतिक्रिया महावीरको थियो । अनि आफू मुस्कुराए र सहभागीलाई हँसाए ।

स्वतन्त्र उमेदवार बनेका बेनीका नविन जिसीले उमेदवारी फिर्ता लिएर शुक्रबार महावीरलाई सघाउने घोषणा गरेका थिए । नेशनल रिपब्लिकन नेपालका तुलप्रसाद गर्बुजाले बिहीबार विज्ञप्ति जारी गरेर महावीरलाई सर्मथन गर्ने घोषणा गरेपनि शुक्रबार उमेदवारी फिर्ता लिन आएनन् । मुख्य निर्वाचन अधिकृतको कार्यालयमा तोकिएको शुक्रबार दिउँसो १० देखि १ बजेभित्रको समयमा जिसीको मात्र उमेदवार फिर्ता भएको हो ।

१३ जनाको मनोनयन दर्ता भएकोमा एक जना स्वतन्त्र र १२ जना राजनीतिक दलको उमेदवारी कायम रहेको सहायक निर्वाचन अधिकृत जगतबहादुर भण्डारीले बताए ।

नेपाली कांग्रेसका कर्णबहादुर भण्डारी (के.बी.), नेकपा एमालेका हरिकृष्ण श्रेष्ठ, नेपाली कम्युनिस्ट पार्टीका अर्जुन थापा, राष्ट्रिय स्वतन्त्र पार्टीका युवराज रोका र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का डम्मरबहादुर सुवेदीको उमेदवारी कायम छ ।

उनका अनुसार नेकपा (माओवादी)का क्षेत्रबहादुर घिमिरे (ध्रुब), प्रगतिशिल लोकतान्त्रिक पार्टीका देवेन्द्र कामी, श्रम संस्कृति पार्टीका विनोद राना, राष्ट्रिय जनमोर्चाका छेमबहादुर विश्वकर्मा र मंगोल नेशनल अर्गनाइजेसनका भीमबहादुर लामासँग स्वतन्त्र महावीरको उमेदवारी कायम छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि एक वटा निर्वाचन क्षेत्र र छ वटा स्थानीय तह रहेको म्याग्दीमा ८६ हजार तीन सय ९७ जना मतदाता छन् । ८२ वटा मतदान स्थल र एक सय २० वटा मतदान केन्द्र कायम रहेका छन् ।

चौतारीमा उभिएर काम, अनुभव र योजना बेलिविस्तार लगाए त्रिभुज चुनाव चिन्ह रोजेका महाबिरले सार्वजनिक स्थलमा पिपलको रुखमुनी रहेको चौतारीमा पत्रकार र सर्वसाधारणहरूलाई बोलाएर आफूले मन्त्रालयमा हुँदा गरेका र गर्न खोजेका काम देखि योजना सुनाए । 'धोकेबाज' र 'भगौडा' भनेर लागेको आरोपमा स्पष्टीकरण दिए ।

'कसैले धोकेबाज पनि भनेको छ, भगौडा, मन्त्रिपरिषदलाई धोका दिएको, जेनजीलाई धोका दिएको भनेका छन् । धोका दिनलाई होइन, धोका नदिनलाई छोडेको । किनभने त्यहाँ बसेर काम गर्न सकिन्न भने किन बस्ने ?,' सरकारमा बसेर काम गर्न नसकिएकाले मन्त्री पद छाडेको उनको भनाइ थियो ।

विद्यालय व्यवस्थापन समितिको गठन, शिक्षक सरुवा, शैक्षिक परामर्श र प्राविधिक शिक्षामा भएको बेथिति हटाउन र विश्वविद्यालयको कुलपति प्रधानमन्त्री नभएर प्रतिस्पर्धाबाट नियुक्त गर्ने ब्यवस्था ल्याउन साथ नपाएको महावीरले गुनासो गरे ।

'मैले यसअघि आमरन अनसन बसेर सरकारसँग गरेको सम्झौता कार्यान्वयन गराउन देखि केही सुधारको प्रयास गर्दा सहयोग पाइनँ,' पुनले भने 'बेथिति र विकृति टुलुटुलु हेरेर हस्ताक्षर मात्र गरेर बस्नुभन्दा जे पर्ला पर्ला भनेर उमेदवार हुन आए ।'

आफूले शिक्षा क्षेत्रको सुधारका लागि उठाएको मुद्दाका विषयमा निर्वाचित हुने सबै सांसदहरूको समूह बनाएर संसद र सरकारसँग पैरवी महावीरले योजना सुनाए ।

विदेशमा रहेका नेपालीहरूले मतदान गर्न पाउने अधिकारको लागि कानुन बनाउनु पनि आफ्नो राजनीतिक मुद्दा भएको महावीरको भनाइ छ ।

मनोनयन दर्ता लगत्तै धवलागिरी र मालिका गाउँपालिकाको विभिन्न बस्तीमा पुगेर मतदातासँग भेटघाट र आफ्नो आत्मकथा पुस्तक बिक्री गरेका महावीर पुनलाई मुख्य निर्वाचन अधिकृतको कार्यालयले आचार संहिताको विषयमा स्पष्टीकरण मागेकोमा आक्रोश पोखे ।

'म उमेदवार भएर आएकोमा कसैले दुःख नमान्नुहोला, त्यतिकै किन डुल्नु भनेर किताब बेच्दै गाउँ पुगेको थिए, कुनै राजनीतिक दलको मान्छेले उजुरी गर्नुभएछ,' उनले भने, 'निर्वाचन आयोगले किताब बेच्दै नहिँड्नु भनेकाले अबै बेनीमा कतै बिक्री कक्ष खोज्दैछु । त्यहीबाट किताब बेच्नेहोला ।'

७१ वर्षीय महाविरको पुर्ख्यौली घर म्याग्दीको अन्नपूर्ण गाउँपालिका, ८ नागी हो । तर उनी चितवनको रत्ननगरमा हुर्किएका थिए । म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको शिख, घार, पाउद्वार, खिवाङ, स्वाँता लगायत बस्तीमा सन् १९७०-८५ को दशकमा प्राध्यापक कावाकिताले 'स्थानीयको समस्या स्थानीयकै सहभागितामा समाधाान गर्ने' केजे मेथोड (कावाकिता जिरो मेथोड) अपनाएर पम्पिङ सिस्टमको खानेपानी, लघुजलविद्युत् र जंगलबाट घाँसदाउरा ओसार्न रोपवे प्रविधि भित्राएका थिए । त्यसका लागि कावाकिताले हिमालय संरक्षण संस्था (आईएचसी) स्थापना गरेका थिए ।

त्यही भूगोलमा पुनले जिरो कावाकिताको विकास मोडेल पछ्याउँदै सन् १९९० को दशकदेखि सामुदायिक पर्यटन, व्यवसायिक शिक्षा, स्थानीय पार्टपुर्जा र टीभीका एन्टेना प्रयोगगरी वायरलेस इन्टरनेट सेवा पुऱ्याएका थिए ।

एउटै भूगोलमा एउटै विकास मोडेल 'केजे मेथोड' अपनाएर समुदायको जीवनस्तर उकास्न काम गरेकोले कावाकिता र पुन दुवैले रोमन म्यागासेसे पुरस्कार जितेका थिए ।

# मेचीदेखि महाकालीसम्म हाम्रो पार्टीकै लहर चलेको छ : माधव नेपाल



काठमाडौं । नेपाली कम्युनिस्ट पार्टीका सहसंयोजक एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले आसन्न निर्वाचनमा जनताले आफ्नो पार्टीलाई विजयी गराउन चाहेको दाबी गरेका छन् ।

शुक्रबार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै उनले नेपाली कम्युनिस्ट पार्टी (नेकपा) लाई पहिलो पार्टी बनाउन देशभर लहर नै चलेको जिकिर समेत गरे । युवा पुस्ताको चाहना र नेपाली जनताको भावनाअनुसार काम गर्ने भएकाले पनि नेपाली जनताले आफ्नो पार्टीलाई रुचाएको पनि जिकिर गरे ।

'चुनावमा जनताले जिताउन चाहेका छन् नेपाली कम्युनिस्ट पार्टीलाई । सबैभन्दा ठूलो नम्बर एक पार्टीको रुपमा यसलाई विजयी बनाउनका लागि मेचीदेखि महाकालीसम्म एउटा अभियान चलिरहेको छ । लहर चलिरहेको छ,' नेपालको दाबी छ ।

सहसंयोजक नेपालले जेनजी पुस्ताको भावनाअनुसार आफूहरू अघि बढिरहेको पनि दाबी गरे ।

# माघ १६ गते जनकपुरमा सभा गरेर कांग्रेसले चुनावी अभियान थाल्ने

काठमाडौं । नेपाली कांग्रेसले चुनावी सभा मधेशबाट सुरु गर्ने भएको छ । माघ १६ गते जनकपुरमा प्रदेशस्तरीय सभा गरेर चुनावी अभियान सुरु गर्ने भएको छ ।

सभालाई सभापति गगन थापा, उपसभापति विश्वप्रकाश शर्मा सहित शीर्ष नेताहरुले सम्बोधन गर्ने भएका छन् । पार्टीले उपसभपाति शर्मालाई चुनावी प्रचार प्रसार समितिको संयोजक बनाएको छ ।

जनकपुरमा हुने सभाका लागि केन्द्रीय तहबाट उपसभापति शर्माले संयोजन गर्ने भएका छन् । सभाको तयारीको तयारीका प्रदेश समितिको शनिबार बैठक बस्न लागेको मधेशका प्रचार संयोजक नितेशकुमार गुप्ताले जानकारी दिए । 'प्रचार प्रसारलाई तयारीका लागि प्रदेश समितिको आज बैठक बस्दैछ,' गुप्ताले अनलाइनखबरसँग भने, 'माघ १६ गते हुने बृहत् सभामा लाखौं मान्छे सहभागी हुन्छन् ।

कांग्रेस सभापति थापा सर्लाही-४ बाट उम्मेदवार बनेका छन् । यसपटकको निर्वाचनमा दलहरूले मधेशलाई केन्द्र बनाएर आफ्ना निर्वाचन गतिविधिहरू सक्रिय बनाएका छन् ।

यसअघि जनकपुरमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले चुनावी सभा गरेको थियो । जुन सभाबाटै काठमाडौंका पूर्वमेयर बालेन शाहले औपचारिक रुपमा चुनावी सभामा सम्बोधन गरेका थिए ।

# प्रकाश सपुत रास्वपामा प्रवेश, भन्छन्– मेरो जीवनकै कठोर निर्णय




काठमाडौं- गायक तथा अभिनेता प्रकाश सपुतले औपचारिकरुपमा आफू राष्ट्रिय स्वतन्त्र पार्टीमार्फत राजनीतिमा अघि बढेको घोषणा गरेका छन् ।

सोमबार सामाजिक सञ्जालमा उनले पार्टी सभापति रवि लामिछाने र वरिष्ठ उपाध्यक्ष बालेनसँगको फोटो सेयर गर्दै यसबारे जानकारी दिएका हुन् ।

उनले लेखेका छन्, 'सम्पूर्ण नेपालीहरुको आफ्नो व्यक्तिगत राजनीतिक आस्था र विचारको कदर गर्दै, कसैलाई अपमान र अनादर नगर्ने प्रतिबद्धतासहित नयाँ समय र नयाँ आन्दोलनको सम्बोधन गर्न नयाँ राजनीतिक शक्ति स्थापित गराउन खुलेर सरिक हुने/सहयोग गर्ने निधो गरेको छु ।'

रास्वपा प्रवेशलाई आफूले जीवनको कठोर निर्णयको रुपमा उल्लेख गरेका छन् । 'मैले बडो दुःख, संघर्ष, मिहेनेत र धैर्यताले टिकाएको मेरो कला सिर्जनामार्फत रिझाएका विभिन्न दलमा आस्था राख्ने थुप्रै दर्शक श्रोताको मन दुखाएर तपाईहरूसँग हातेमालो गर्दैछु ।'

# एमालेलाई प्रचण्डको अपिल– राष्ट्र संकटमा छ, एकताबद्ध हुन जरुरी छ



काठमाडौं । नेपाली कम्युनिस्ट पार्टीका संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नेकपा (एमाले)लाई पनि आफ्नो पार्टीसँग एकता गर्न आह्वान गरेका छन् ।

शुक्रबार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै उनले मुलुकलाई संकटबाट जोगाउनका लागि राष्ट्रिय शक्ति आवश्यक रहेको उल्लेख गरे ।

संयोजक दाहालले त्यसका लागि सबै वामपन्थी, कम्युनिस्ट र लोकतान्त्रिक शक्तिहरूबीचको एकता जरुरी रहेको बताए ।

'राष्ट्रिय शक्ति निर्माणको यो महाअभियानमा सामेल हुन म एमालेलाई अपिल गर्न चाहन्छु । हामी सबैका लागि राष्ट्रभन्दा ठूलो अरु केही पनि छैन । राष्ट्र संकटमा छ । नेपाली जनताको एकताले मात्रै मात्रमै मुलुकको राष्ट्रियतालाई सुदृढ गर्न सकिन्छ । वामपन्थी र कम्युनिष्टको एकताले नै राष्ट्रिय एकतालाई प्रवर्द्धन गर्न सक्दछ । अरु लोकतन्त्रवादीहरू पनि यो मोर्चामा आबद्ध हुन जरुरी छ,' उनले भने ।

मुलुकलाई संकटबाट जोगाउनका लागि आफूहरूले पार्टीहरूबीचको एकता अभियानलाई तिव्रता दिएको समेत बनाए । प्रचण्डले मुलुकमा प्रतिक्रियावादीहरूको चलखेललाई रोक्न पनि सबै देशभक्तहरूले एकतावद्ध भएर अघि बढनुपर्ने अवस्था आएको बताए ।

'प्रतिक्रियावादीहरूको चलखेल रोक्ने एकमात्रै उपाय भनेको हामीबीचको एकता हो । अव एक नम्बर पार्टी हुन्छ । मैले त हिजोअस्तीदेखि साथीहरूलाई भन्न थालेको छु-ओखलढुंगाले सिँगै राष्ट्रलाई सन्देश दिँदैछ,' उनले भने ।

संयोजक दाहालले मुलुकलाई निकास दिन निर्वाचनको विकल्प नभएकाले आफूहरूले नै त्यसमा अडान लिएको समेत बताए ।

'सबै राजनीतिक दलहरू निर्वाचनमा जाने वातावरण बनेको छ । देश अझै पनि संकटमा छ । दुर्घटना पूरै टरिसक्यो भन्ने छैन । बलियो राष्ट्रिय शक्ति निर्माण गर्न सकिएन भने दह्रो एकता जनताको पैदा गर्न सकिएनभने फेरि पनि दुर्घटना हुन सक्छ,' प्रचण्डले भनेका छन् ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- २६,
२०८२ साल माघ १३ गते मंगलबार
27 JANURY 2026, TUESDAY

# पार्टी सदस्यहरूलाई ओलीको पत्र– बहुमत ल्याउन सक्रिय हुनुस्



काठमाडौं । नेकपा एमालेले पार्टी सदस्यहरूलाई चुनावमा होमिन अपिल सहितको पत्र पठाएको छ ।

अध्यक्ष केपी शर्मा ओलीको हस्ताक्षर सहितको पत्र पठाउँदै एमालेले पार्टी सदस्यहरूलाई बहुमत सिटका निम्ति क्रियाशील हुन आग्रह गरेको छ । 'देश निर्माणका लागि हाम्रो पार्टीलाई बहुमत आवश्यक छ । अतः बहुमतका लागि अपरिहार्य पार्टीका उम्मेदवारहरूको विजय सुनिश्चित गर्न कमरेडहरूको उच्च मनोबल र सक्रिय सहयोगको हार्दिक अपेक्षा गर्दछु,' अपिलमा भनिएको छ ।

नेताहरूका अनुसार एमालेको यस्तो पत्र पार्टीका ६ लाख ६३ हजार पार्टी सदस्यलाई पठाइएको छ । 'पार्टीको यो अपिल पार्टीका सदस्यहरूका लागि मात्रै होइन, आम मतदातालाई पनि हो,' प्रचार विभाग संयोजक मीनबहादुर शाहीले भने ।

# मध्यमार्गी हुँदा पार्टीभित्र दबाब झेलिरहेको छु : शेखर कोइराला



काठमाडौं । नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले आफू मध्यमार्गी भएकाले पार्टीभित्र दबाब झेलिरहेको बताएका छन् । काठमाडौंमा आइतबार आफूपक्षीय नेताहरूको भेला राखेर उनले यस्तो बताएका हुन् ।

'मध्यमार्ग र सत्यको बाटो गाह्रो र अप्ठ्यारो हुन्छ तर जित उसैको हुन्छ । म सत्यको बाटो हिँडिरहेको छु । यसबाट विचलित हुन्न,' उनले भने ।

कोइरालाले पार्टीलाई अतिवादले गाँजेको भन्दै आफू कुनै पनि अतिवादको घेरामा नपरी मध्यममार्गी बाटोबाट बिचलित नहुने बताए ।

छलफलमा बोल्ने नेताहरूले पार्टीको १५औं महाधिवेशनबारे अन्यौलता रहेको र त्यसको सुनिश्चित हुनु पर्नेमा जोड दिएका थिए । साथै तोकिएको मितिमा निर्वाचन हुनेमा ढुक्क हुने अवस्था नभएको धारणा पनि राखेका थिए ।

त्यस्तै नेताहरूले फागुन २१ गते हुने निर्वाचनमा सहभागी हुने समेत बताएका छन् ।

कोइरालाले देश र लोकतन्त्र संकटमा रहेकाले निर्वाचनमा जानुको विकल्प नरहेको बताएका थिए । उनले नेता कार्यकर्तालाई पनि सहभागी हुन आह्वान गरे ।

उनले निर्वाचन सहजता लागि माघ ६ गतेको मनोनयनको मिति सार्न निर्वाचन आयोगलाई अनुरोध गरिएको बताएका थिए । साथै, सरकारले निर्वाचनको वातावरण बनाएर सुरक्षाको ग्यारेन्टी गर्नँ पर्नेमा हालसम्म त्यसको प्रत्याभूती नभएको बताए । पार्टीमा देखिएको विवादको विषय अदालत प्रवेश गरिसकेकोले आफूलाइ अदालतको निर्णय मान्ने हुनेसमेत बताए । नेता तथा कार्यकर्तालाई निर्वाचन सँगै १५औं महाधिवेशन को तयारी गर्न र तयारीमा लाग्न निर्देशनसमेत दिएका थिए ।

**ब्यापारी मालमाल...**

लुटेराहरुलाई भने यतिवेला फाइदा पुगेको देखिन्छ ।

प्रहरीको मनोबल गिरेको वेला सुरक्षा पनि त्यति मजबुद देखिदैन । एक हिसावले भन्ने हो भने देशका नागरिकहरुमा आर्थिक रुपमा अभाव बढ्न थालेपछि समाजमा अनेक खालका समस्याहरु देखिएकाछन् ।

मानिसहरुको जीविकोपार्जनमा नै समस्या आउन थालेको छ ।

**म मधेश बुझ्न आएको हु**

सेवा र संवादमै केन्द्रित रहने बताए । धनकौल गाउँपालिका-२ मा आयोजित कोणसभामा उनले आफू फोटो खिचाउन वा हात हल्लाउन मात्रै नभई जनताको सेवक बनेर काम गर्न आएको बताए ।

कार्यक्रममा बोल्दै उनले मधेसका विद्यालयहरूमा गणित, विज्ञान र अंग्रेजी विषय कमजोर रहेको अवस्थाप्रति चिन्ता व्यक्त गरे। शिक्षा सुधारलाई प्राथमिकतामा राख्दै सूचना प्रविधिमा आधारित र प्रतिस्पर्धी शिक्षा प्रणाली विकास गरिने उनले बताए। युवाहरू रोजगारीका लागि बाध्य भएर विदेश जानुपर्ने अवस्थाको अन्त्य गर्दै स्वदेशमै अवसर सिर्जना गर्नँ आफ्नो मुख्य लक्ष्य रहेको थापाको भनाइ थियो।

थापाले सर्लाही-४ का जनताले सानो-सानो कामका लागि काठमाडौं धाउनुपर्ने अवस्थाको अन्त्य गर्न क्षेत्रमै स्थायी सम्पर्क कार्यालय स्थापना गरिने घोषणा पनि गरे। सांसद भनेको शासक होइन, सेवक हो भन्ने मान्यतामा आफू दृढ रहेको बताउँदै जनताको गुनासो सुन्ने र समस्या समाधान गर्ने व्यवस्थित संयन्त्र बनाइने उनले बताए।

पार्टी कार्यकर्ता तथा स्थानीयसँगको भेटमा थापाले आफू नेता भएर होइन, सर्लाहीको बेटा बन्न आएको भावनात्मक अभिव्यक्ति दिए। मधेस आन्दोलनका शहीदहरूको सम्मान र युवाहरूको भविष्य निर्माणलाई आफ्नो राजनीतिक अभियानको केन्द्रबिन्दु बनाउने प्रतिबद्धता व्यक्त गर्दै उनले सर्लाही-४ बाटै परिवर्तनको थालनी हुने विश्वास समेत व्यक्त गरे ।

**निर्वाचन प्रहरी...**

धनकुटाका प्रहरी इन्सपेक्टर किशोर तामाङले जानकारी दिए ।

मागअनुसार आवेदन नपरेपछि पुनः दोस्रो पटक माघ १० र ११ गते आवेदन दिन सुचना जारी गरिएको थियो । दोस्रो पटक जारी गरिएको सुचनामा ४ सय ९३ जनाको आवेदन परेको तामाङले जानकारी दिए ।

निर्वाचन प्रहरीका दोस्रो पटक म्याद थपिएपछि माग भन्दा धेरै आवेदन परेपछि सोमबारबाट छनौट प्रक्रिया सुरु भएको तामाङले जानकारी दिए ।

निर्वाचन प्रहरीको दरखास्त जिल्ला प्रहरी कार्यलय धनकुटा, सशस्त्र प्रहरी बल नं. ६ गुल्म हे.क्वा. छिन्ताङ धनकुटा, इलाका प्रहरी कार्यालय छिन्ताङ र इलाका प्रहरी कार्यालय राजारानी धनकुटामा आवेदन दिन सकिने व्यवस्था रहेको थियो ।

**मन्त्री सिन्हा...**

देशले चाहे अनुसारको चलचित्र निर्माणका लागि आवश्यक नीतिगत र कानूनी व्यवस्था गर्न चाहेको समेत उनले बताए ।

'समाजले चाहेका, देशले चाहेका विभिन्न आयामहरूलाई यसमा समेटेको अवस्था छ । यसमा मन्त्रालयको कुरा पनि समेटिएको अवस्था छ । यहाँहरूको घुनिभूत छलफलबाट जुन यो मस्यौदा बनेको छ । यसप्रति आभार व्यक्त गर्न चाहन्छु,' उनले भने ।

**भन्सार प्रशासन...**

अन्तर्राष्ट्रिय भन्सार दिवसको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले भन्सार प्रशासनलाई वास्तविक बनाउन भइरहेका पछिल्ला कार्यहरुले राजस्वमा सुधार आउने बताए ।

'पछिल्लो समयमा भन्सार प्रशासनमा ग्याट मुल्यांकनलाई अनलाइन सिस्टममा आबद्ध गर्ने, छिमेकी मुलुकसँग एमओयू गरेर जिएसटीको डेटाहरु एक्सचेञ्ज गर्ने काम भएको छ,' उनले भने, 'भन्सार प्रशासनलाई वास्तविक, थप विश्वासिलो, परदर्शी बनाउने र एकद्धार प्रणालीलाई भन्सार विभागले जुन हिसावले अघि बढाएको यो धेरै राम्रो छ ।'

सचिव उपाध्यायले अन्तर भन्सारमा मूल्यांकनमा रहेका विविधतालाई अनलाइन सिस्टममार्फत एकरुपता सिर्जना गर्नँपर्ने उनले बताए ।

## अन्तराष्ट्रिय

# फिलिपिन्समा डुङगा दुर्घटनामा कम्तिमा १५ जनाको मृत्यु




काठमाडौं- दक्षिणी फिलिपिन्सको बासिलान प्रान्तमा ३५० भन्दा बढी यात्रु बोकेको एउटा डुङ्गा पल्टिएको छ। दुर्घटनामा कम्तिमा १५ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् ।

सोमबार मध्यराति जाम्बोआङ्गा बन्दरगाह शहरबाट दक्षिणी सुलुस्थित जोलो टापुतर्फ जाँदै एमभी त्रिशा केर्स्टिन ३ नामक यात्रुवाहक डुङगा दुर्घटनामा परेको हो । फिलिपिन्सको तटरक्षक दस्ताले यस डुंगामा ३ सय ३२ यात्रु र २७ जना चालक दलका सदस्य सवार रहेको जनाएको छ । स्थानीय समयअनुसार सोमबार बिहान १:५० बजे यस डुंगाले खतराको संकेत जारी गरेको थियो ।

दक्षिणी मिन्डानाओ जिल्लाका तटरक्षक कमाण्डर रोमेल दुआले एएफपी समाचार संस्थालाई बताएअनुसार अहिलेसम्म कम्तिमा ३१६ जनाको उद्धार गरिएको छ, जसमध्ये १५ जनाको मृत्यु भएको पुष्टि भएको छ र २८ जना अझै बेपत्ता छन् ।

'अपरेसनमा मद्दत गर्न तटरक्षकको विमान पनि आउँदैछ। नौसेना र वायुसेनाले पनि आफ्नो सम्पत्ति पठाएको छ,' दुआले एएफपीलाई बताए । बासिलानका आपतकालीन उद्धारकर्ताहरूले उद्धार गरिएकाहरूलाई आवश्यक उपचारका लागि राजधानी इसाबेलास्थित अस्पतालमा ल्याइएको बताएका छन् ।

मिन्डानाओका तटरक्षक कमाण्डर दुआले डुङ्गा डुब्नुको कारण तत्काल स्पष्ट नभएको र यसबारे अनुसन्धान गरिने बताए। जाम्बोआङ्गा बन्दरगाह छोड्नुअघि तटरक्षकले डुङ्गा खाली गराएको र त्यहाँ ओभरलोडिङको कुनै संकेत नदेखिएको उनले बताए ।

फिलिपिन्स द्वीपसमूहमा बारम्बार आँधीबेहरी, पुराना जहाजहरू, अत्यधिक भीडभाड र दुर्गम प्रान्तहरूमा सुरक्षा नियमहरूको कमजोर पालनाका कारण बेला-बेला दुर्घटना निम्तने गरेका छन् ।

# अमेरिकामा हिमआाधीले १० लाखभन्दा बढी मानिस अन्धकारमा



काठमाडौं – अमेरिकामा हिमआँधीले विद्युत प्रसारण गृहहरुमा क्षति पुऱ्याउँदा झन्डै १० लाखभन्दा धेरै मानिस अन्धकारमा बाँच्न बाध्य भएका छन् ।

त्यस्तै १० हजारभन्दा धेरै उडान स्थगित भएका छन् ।

यहाँ ठूलो हिमपात, हिम वर्षा र आँधि चलिरहेको छ । राष्ट्रिय मौसम सेवा (एनडब्ल्युएस) ले पूर्वी क्षेत्रका दुई-तिहाइ इलाकामा यसको असर देखिने बताएको छ । नागरिकहरुलाई सतर्कता अपनाउन अनुरोध गरिएको छ ।

टेनेसी राज्यमा सबैभन्दा धेरै विद्युत कटौती भएको छ। मिस्सिसिपी, टेक्सास, लुसियाना, केन्टच्की, जर्जिया, भर्जिनिया र अलाबामा क्षेत्र पनि प्रभावित भएका छन् ।

यसअघि ओहियो उपत्यकादेखि उत्तरपूर्वमा ठूलो हिमपात हुने प्रक्षेपण गरिएको थियो । त्यस्तै, तल्लो मिसिसिपी उपत्यकादेखि मध्य एटलान्टिक र दक्षिणपूर्वमा ठूलो परिमाणमा हिउँ जम्मा हुने आँकलन गरिएको थियो।

'देशमा धेरै ठाउँमा यो आँधी फैलिएको छ,' एनडब्ल्युएसका मौसमविद् एलिसन सान्तोरेल्लीले भने । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यस आँधीलाई 'ऐतिहासिक' भनेका छन् र शनिबार संघीय आपतकालीन घोषणा स्वीकृत गरेका छन् । लगभग २० राज्य र डिस्ट्रिक्ट अफ कोलम्बियाले मौसम आपतकाल घोषणा गरेका छन् । 'हामी यस आँधीको मार्गमा रहेका सबै राज्यहरुसँग निरन्तर सम्पर्कमा रहनेछौं । सुरक्षित र न्यानो रहनुस्,' ट्रम्पले ट्रुथ सोसियलमा लेखेका छन् ।

अधिकारीहरूले आँधीपछि एक हप्ता सम्म जीनजीवन प्रभावित हुने बताएका छन् । उनीहरुले यो अवधि निकै चिसो हुने चेतावनी दिएका छन् ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# ‘रमिताको पिरती’को ट्रेलरमा ब्रेकअपको कथा

काठमाडौं- अभिनेत्री आना शर्मा कार्यकारी निर्माताको रूपमा रहेको फिल्म ‘रमिताको पिरती’को ट्रेलर सार्वजनिक गरिएको छ । आइतबार निर्माण पक्षले काठमाडौंमा एक कार्यक्रमको आयोजना गर्दै दर्शकमाझ ल्याएको तीन मिनेट लामो ट्रेलरले प्रेम र ब्रेकअपको कथा पेश गरेको छ । ट्रेलरको केन्द्रमा आना छिन्, जसको प्रेम जीवन उतारचढावपूर्ण देखिन्छ ।

पछिल्लो समय नेपाली युवा पुस्तामा बढ्दो प्रेम, ब्रेकअप, धोका, आकर्षण, यौनिक गतिविधिसहितका भावनात्मक उतारचढावलाई फिल्मले कथानकको मूल विषय बनाएको ट्रेलरबाट प्रस्ट हुन्छ । ट्रेलरमा आनासहित विनय श्रेष्ठ, धीरज मगर, समीर श्रेष्ठ, गौमाया गुरुङ, रेनु योगी लगायतका कलाकारहरूको पनि उपस्थिति देख्न सकिन्छ ।

ट्रेलर सार्वजनिक कार्यक्रममा फिल्मकी निर्देशक सुदिप्ताले ‘रमिताको पिरती’ ब्रेकअपको कथामा बनेको बताइन् । उनले




भनिन्, ‘यो लभस्टोरीभन्दा पनि ब्रेकअप स्टोरी हो । नेपालमा केटाको तर्फबाट थुप्रै लभस्टोरी फिल्म बनेका छन् । मैले चाहिँ महिलाको तर्फबाट लभ र ब्रेकअपको कथा भनेको छु । ब्रेकअपपछि एउटी केटीले के-के भोग्छ भन्ने कुरा फिल्ममा देखाएको छु ।’ माघ २३ गतेबाट प्रदर्शन हुन लागेको यस फिल्मका निर्माता सागर लम्साल हुन् । कार्यकारी निर्मातामा आना र सन्तोष लम्साल रहेका छन् । फिल्ममा शिशिर विशंखेको डीओपी, सुनिल शिवभक्तिको सम्पादन, सुशान्त केसी, समीर श्रेष्ठ, महेश काफ्ले, अस्मिता अधिकारी र कुशल पोखरेलको संगीत, कपिल पराजुलीको कलर तथा कृतिका बरालको कोरियोग्राफी छ ।

# दिनेश राउतको लिगेसीलाई ‘कुमारी’ले अगाडि बढाउँछ : आर्यन सिग्देल

काठमाडौं- नेपाली फिल्म क्षेत्रमा कलाकार र निर्देशकको मित्रताको उदाहरण दिँदा आर्यन सिग्देल र दिनेश राउतको नाम छुट्दैन । उनीहरू संघर्षकालदेखिका साथी हुन् । र, दुवैले एकअर्कासँगै सबैभन्दा धेरै काम गरेका छन् । दिनेशले निर्देशन गरेका ९ वटा फिल्ममध्ये ५ वटामा आर्यन मुख्य भूमिकामा छन् । पछिल्लो पटक फिल्म ‘महाभोज’मा उनीहरूको सहकार्य भएको थियो ।

यतिबेला दिनेशको नयाँ फिल्म ‘कुमारी’ प्रदर्शनको संघारमा छ । यसमा आर्यन छैनन् । मुख्य भूमिकामा नयाँ अनुहारलाई लिइएको छ । तर, फिल्ममा आफू नभए पनि आर्यनले प्रचारमा साथ दिइरहेका छन् । शनिबार काठमाडौंको भृकुटीमण्डपमा आयोजित फिल्मको ट्रेलर सार्वजनिकसहितको सांगीतिक कार्यक्रममा उनी श्रीमतीको साथमा पुगेका थिए ।

करिब ५ हजार दर्शकको उपस्थिति रहेको कार्यक्रममा ट्रेलर हेरेपछि उनले त्यसको प्रस्तुतिको खुलेर प्रशंसा गरे । उनले ट्रेलर हेर्दा बारम्बार आफूलाई सम्झिएको बताए । उनले भने, ‘१५ वर्षभन्दा अगाडि हुन्थ्यो भने यो फिल्ममा म नै हुन्थेँ होला (लामो हाँसो) । ट्रेलर हेर्दा मैले त्यहाँ आफूलाई सम्झिएँ । ट्रेलर एकदमै राम्रो बनेको छ ।’



उनले निर्देशक राउतको लिगेसीलाई ‘कुमारी’ले अगाडि बढाउने पनि विश्वास व्यक्त गरे । उनले भने, ‘लभस्टोरीमा दिनेशको एउटा लिगेसी छ । ‘आइएम सरी’, ‘नोभेम्बर रेन’ र ‘क्लासिक’सँगै ‘पूजार सार्की’लाई पनि म लभस्टोरी फिल्म नै मान्छु । दिनेशको त्यो लिगेसीलाई ‘कुमारी’ले अझ अगाडि बढाउँछ । किनकि, मैले फिल्मको स्क्रिप्ट पढेको छु । सुटिङ र सम्पादनमा पनि बसेको छु ।’ आर्यनले फिल्मका कलाकारहरू अबिषेक खड्का र आकृति राजभण्डारीलाई पनि हौसला प्रदान गर्दै भने, ‘लभस्टोरी फिल्मको लिगेसीलाई अबिषेकले पनि अगाडि बढाउँछ । आकृतिको त के कुरा गर्ने । उनको हाँसो नै काफी छ । अहिले धेरैको लभस्टोरी नै उनी हुन् ।’ उनले ‘कुमारी’को सबै प्रक्रियामा आफू प्रत्यक्ष रूपमा संलग्न रहेकाले फिल्म राम्रो बनेको दाबी समेत गरे ।

# काठमाडौंमा कन्सर्ट गर्दै ‘कुमारी’को ट्रेलर सार्वजनिक



काठमाडौं- प्रणय दिवसको छेको पारेर माघ २३ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म ‘कुमारी’को फरक शैलीमा ट्रेलर सार्वजनिक गरिएको छ । फिल्मका निर्माताले शनिबार साँझ काठमाडौंको भृकुटीमण्डपस्थित प्रदर्शनी स्थलमा सांगीतिक कन्सर्ट आयोजना गर्दै करिब ५ हजार दर्शकको उपस्थितिमा ट्रेलर सार्वजनिक गरेका हुन् । सम्भवतः कन्सर्टमार्फत ट्रेलर सार्वजनिक गर्ने यो पहिलो फिल्म हो ।

३ मिनेटभन्दा लामो ट्रेलरमा फिल्मको कथावस्तु र केन्द्रीय द्वन्द्वबारे प्रकाश पारिएको छ । फिल्मका मुख्य जोडी अबिषेक खड्का र आकृति राजभण्डारीलाई केन्द्रमा राखिएको ट्रेलरले उनीहरूको प्रेममा सामाजिक मूल्य-मान्यता र पारिवारिक अवरोधले सिर्जना गर्ने संघर्ष र टकरावलाई चित्रण गरेको छ । फिल्ममा ट्रान्सजेन्डरको विषयलाई समेटिएको ट्रेलरले संकेत दिन्छ ।

‘नोभेम्बर रेन’ र ‘क्लासिक’ जस्ता रोमान्टिक फिल्ममार्फत दर्शकमाझ चिनिएका दिनेश राउतले ‘कुमारी’को निर्देशन गरेका हुन् । यसैमार्फत उनी ८ वर्षपछि लभस्टोरी फिल्ममा फर्किएका हुन् । यो फिल्ममा अबिषेक र आकृतिसहित घनश्याम जोशी, सुनिता श्रेष्ठ, आकाङ्क्षा कार्की, मधु खड्का, सनम श्रेष्ठ, सुकु शाह लगायतको अभिनय रहेको छ ।

बिनिश इन्टरटेन्मेन्ट, पिक्चर फ्रेम र केन्द्र मोसन पिक्चर्सको सहकार्यमा निर्माण भएको यस फिल्मका निर्माता महेन्द्र अधिकारी हुन् । उनले यसअघि फिल्म ‘प्रकाश’ बनाएका थिए । केदार भुसाल कार्यकारी निर्माता रहेको फिल्ममा सुशन प्रजापतिको छायांकन, विकास सुवेदीको लेखन, सुप्रिम पराजुलीको सम्पादन तथा उत्तम न्यौपानेको साउन्ड डिजाइन छ ।

# निखिल उप्रेतीसाग ‘पारस’ गर्दै जसिता

काठमाडौं- अभिनेत्री जसिता गुरुङका लागि यस वर्ष स्मरणीय बनेको छ । कारण, गत असोजमा प्रदर्शन भएको उनी अभिनीत फिल्म ‘जेरी अन टप’ले ठूलो व्यावसायिक सफलता हासिल गऱ्यो । र, उनको अभिनयको पनि निकै प्रशंसा भयो । यो फिल्मको सफलतापछि उनलाई फिल्म अफरको ओइरो लागेको छ । यस्तैमा उनी नयाँ फिल्म ‘पारस’मा अनुबन्धित भएकी छन् ।

शनिबार फिल्मकी निर्देशक कृषा चौलागाईंले जसितासँग लिखित सम्झौता गरेकी हुन् । यसअघि फिल्ममा अभिनेता निखिल उप्रेती अनुबन्ध भइसकेका छन् । तर, उनको जोडीको रुपमा जसिता देखिने छैनन् । फिल्ममा अर्को एक अभिनेतामा पनि हुनेछ, जोसँग जसिताको जोडी बाँधिने जनाइएको छ । ती अभिनेता सुशील श्रेष्ठ रहेको फिल्मवृतमा चर्चा छ ।




केपी फिल्म्सको ब्यानरमा निर्माण हुने यस फिल्मको पटकथा र संवाद भारतीय पटकथाकार सचिन लादियाले लेखेका छन् । उनी बलिउडको चर्चित फिल्म ‘ग्याङ्स अफ वासेपुर’का दुवै श्रृंखलाका लेखक हुन् । आगामी फागुनबाट छायांकन सुरु हुने फिल्मलाई पुरुषोत्तम प्रधानले छायांकन गर्नेछन् । ठूलो स्केलमा निर्माण गर्न लागिएको यो फिल्म एक्सनप्रधान हुने जनाइएको छ ।

# ‘कल्ली’मा पूजाको आइटम डान्स



काठमाडौं- आगामी फागुन १ गतेबाट प्रदर्शन हुन लागेको फिल्म ‘कल्ली’मा अभिनेत्री पूजा शर्माले आइटम डान्स गरेकी छन् । उनले फिल्ममा आइटम डान्स गरेको यो पहिलो पटक हो । यसै साता काठमाडौंको चोभारमा दुई दिन छायांकन भएको फिल्मको ‘क्या राम्री’ बोलको गीतमा आशिष अविरलको संगीत र मेलिना राईको स्वर रहेको छ । रामजी लामिछानेले गीतको कोरियोग्राफी गरेका हुन् ।

गीतमा पूजासँगै उत्तम प्रधान, किरण श्रेष्ठ र सुलक्षण भारतीले पनि नृत्य गरेका छन् । अर्थात् दर्शकले उत्तम र पूजालाई गीतमा एकसाथ देख्न पाउनेछ । यो गीत खिचिएसँगै फिल्मको सम्पूर्ण छायांकन पूरा भएको छ । गीतसहित ६० दिनमा फिल्मको छायांकन सकिएको निर्माता किरण नेपालीले जानकारी दिए । यसअघि जुम्ला जिल्लामा फिल्मको छायांकन गरिएको थियो ।

लक्ष्मण सुनारको निर्देशनमा बनेको यस फिल्ममा उत्तम प्रधान, सौगात मल्ल, अर्पण थापा, बेनिशा हमाल, सुलक्षण भारती, नाजिर हुसेन, वर्षा राउत, बेगम नेपाली, विनोद न्यौपाने, रेयर राई, प्रियना आचार्य, अर्जन गुरुङ, गीता अधिकारी लगायतको अभिनय रहेको छ । बाल कलाकारहरूमा उपेश ढकाल, मञ्जिला बाँनिया र समर्पण खतिवडा छन् ।

# फिल्म निर्देशनमा फर्किए अर्पण, ‘अ फ्रेन्च किस’ बनाउने

काठमाडौं- अभिनेता अर्पण थापा करिब ६ वर्षपछि निर्देशनमा फर्किएका छन् । उनले निर्देशन गर्ने नयाँ फिल्म ‘अ फ्रेन्च किस’को शुक्रबार सरस्वतीको पूजाको अवसर पारेर काठमाडौंको कमलादीस्थित गणेश मन्दिरमा शुभ मुहूर्त गर्दै निर्माण घोषणा गरिएको छ । पछिल्लो पटक सन् २०१९ मा हरर फिल्म ‘घर’ निर्देशन गरेका अर्पणले त्यसअघि ‘सुनकेशरी र ‘मुखौटा’ बनाएका थिए ।

ए.टी.एफ. प्रोडक्सनको ब्यानरमा निर्माण हुने फिल्ममा ‘शाम्बाला’बाट चर्चामा आएकी अभिनेत्री थिन्ले ल्हामो मुख्य भूमिकामा देखिनेछन् । फिल्ममा उनको जोडी अर्पणसँग बाँधिनेछ । गौरी मल्ल र आयशा तामाङको पनि फिल्ममा अभिनय रहने जनाइएको छ । माघ १२ गते सोमबारबाट चितवनका विभिन्न स्थानमा फिल्मको छायांकन हुनेछ ।

यस फिल्मको कार्यकारी निर्मातामा सौगात बस्नेत र सह-निर्मातामा सुभाष बी. शाही रहेका छन् । फिल्ममा सुदीप बरालको छायांकन र दीपक बज्राचार्यको संगीत रहनेछ ।

# ‘गलवान’को ‘मातृभूमि’ गीतमा सलमानसँग देखिए अनुप

काठमाडौं- अभिनेता अनुप विक्रम शाहीले फिल्म ‘ब्याटल अफ गलवान’बाट बलिउडमा डेब्यु गर्न लागेको खबर बाहिरिएपछि उनको भूमिकाबारे धेरैमा चासो बढेको थियो । कतिपयले अभिनेता सलमान खानको पछाडि देखिने भूमिकामा हुनसक्ने भन्दै खिसिटिउरी समेत गरेका थिए । तर, शनिबार सार्वजनिक फिल्मको ‘मातृभूमि’ गीतले उनी प्रभावशाली भूमिकामा रहेको स्पष्ट पारेको छ ।

अरिजीत सिंह, श्रेया घोषाल र मणि धर्मकोटको आवाजमा रहेको उक्त गीतको भिडियोमा अनुपलाई प्राथमिकताका साथ प्रस्तुत गरिएको छ । चिनियाँ सेनाको भूमिकामा रहेका उनी एक दृश्यमा सलमानसँग आमनेसामने भएको देखिन्छ । उक्त दृश्यमा अनुप हात जोडेर निहुँरिएका छन् भने सलमानले नमस्कार गरेका छन् । यो फिल्मको महत्त्वपूर्ण दृश्य हुनसक्ने देखिन्छ ।

सन् २०२० मा भारतको पूर्वी लद्दाखमा भारतीय र चिनियाँ सेनाबीच भएको झडपको कथावस्तुमा आधारित



यो फिल्ममा अनुपको सलमानसँग १३ मिनेट लामो एक्सन सिन रहेको भारतीय मिडियाले उल्लेख गरेका छन् । उनले लद्दाख र मुम्बईमा गरी करिब २५ दिन फिल्मको छायांकन गरेका थिए । उनलाई फिल्मका लागि सलमानले नै रोजेको बताइन्छ ।

आगामी १७ अप्रिल (४ बैशाख)मा रिलिज हुन लागेको ‘ब्याटल अफ गलवान’मा सलमानले भारतीय सेनाका कर्नेल सन्तोष बाबुको भूमिका निभाएका छन् । यो सन्तोषको बायोपिक फिल्म हो । अपूर्व लाखियाको निर्देशनमा बनेको फिल्ममा सलमान र अनुपसँगै चित्रांगदा सिंहको पनि मुख्य भूमिका छ । स्व. गायक प्रशान्त तामाङले पनि फिल्ममा अभिनय गरेका छन् ।

# सरोजको ‘सिन्दुरे जात्रा’मा विजय र अञ्जनाको जोडी

काठमाडौं- निर्माणको तयारीमा रहेको फिल्म ‘सिन्दुरे जात्रा’मा कीर्तिमान रचेका निर्देशकदेखि कलाकारसम्मको गठजोड हुने भएको छ । यो फिल्मलाई सर्वकालिन ब्लकबस्टर फिल्म ‘पूर्णबहादुरको सारङ्गी’का निर्देशक सरोज पौडेलले निर्देशन गर्दैछन् भने सोही फिल्मका मुख्य जोडी विजय बराल र अञ्जना बराइलीको अभिनय रहने भएको छ । उनीहरू दुवै शुक्रबार फिल्ममा अनुबन्ध भएका हुन् ।

निर्देशक पौडेलले विजय र अञ्जनालाई फिल्मको कथाले नै मागेको बताएका छन् । उनले भने, ‘हामीले बजारले रुचाएका कलाकार भनेर विजय र अञ्जनालाई फिल्ममा लिएका होइनौँ । कथाले नै उहाँहरूलाई मागेको हो । फिल्मका अन्य भूमिकाका लागि पनि कथा सुहाउँदो र चरित्रलाई न्याय गर्न सक्ने कलाकार मात्र चयन गर्नेछौँ ।’

का.जि.प्र.का.द.नं.३५२/०६४-०६५ गो.हु.का. द.न. १/०७७/०७८

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- २६,
२०८२ साल माघ १३ गते मंगलबार
27 JANURY 2026, TUESDAY

# भृकुटीमण्डपमा बजाज 'नेक्स्ट जेन महाएक्सचेन्ज कार्निभल' सुरु

काठमाडौं । नेपालका लागि बजाजको आधिकारिक वितरक हंसराज हुलासचन्द एण्ड कम्पनीले बजाजको 'बजाज नेक्स्ट जेन महाएक्सचेन्ज कार्निभल' सुरु गरेको छ।

यही माघ ११ गतेदेखि १७ गतेसम्म काठमाडौंको भृकुटीमण्डपमा संचालन हुने यस कार्निभलमार्फत ग्राहकहरूले बजाजका नयाँ पुस्ताका मोटरसाइकलहरू आकर्षक अफरसहित खरिद गर्न सक्ने कम्पनीले जनाएको छ।




यस कार्निभलको मुख्य आकर्षणका रूपमा नयाँ बजाज पल्सर २२०एफ एफआई बीएस६ को औपचारिक सार्वजनिक गरिएको कम्पनीले जनाएको छ। कार्निभलमै पहिलोपटक सार्वजनिक भएको नयाँ बाइकले बजाज प्रेमीहरूलाई थप उत्साहित बनाउने अपेक्षा कम्पनीको छ।

विशेषगरी फुल डिजिटल कन्सोल, फ्युल इन्जेक्सन, एबिएस र नयाँ ग्राफिक्ससहितको बजाज पल्सर २२०एफ ४ लाख ३९ हजार ९०० को सुरुवाती मूल्यमा उपलब्ध गराइने जनाइएको छ।

कार्निभलमा पुराना बाइक साटेर नयाँ बजाज बाइक खरिद गर्न चाहने ग्राहकहरूका लागि नागरिकताको भरमा बाइक लोन, अन द स्पट फाइनान्स, निःशुल्क एक्सेसरिज तथा २२ भन्दा बढी भ्यालुएटरमार्फत उत्कृष्ट एक्सचेन्ज भ्यालुएसनको व्यवस्था गरिएको जनाइएको छ। बजार मूल्यभन्दा ८ हजारसम्म बढी भ्यालुएसन प्राप्त गर्न सकिने कम्पनीले उल्लेख गरेको छ।

नेपालका लागि बजाजको आधिकारिक वितरक हंसराज हुलासचन्द एण्ड कम्पनीका अनुसार यो कार्निभल नयाँ बाइक किन्ने योजना बनाइरहेका ग्राहकहरूका लागि एकै स्थानमा सबै सुविधा प्राप्त गर्ने सुनौलो अवसर हो।

पाँच वर्षको वारेन्टी तथा सहज फाइनान्स सुविधाले ग्राहकलाई अझ सहज र भरपर्दो बनाउने कम्पनीको विश्वास छ। बजाज नेक्स्ट जेन महा एक्सचेन्ज कार्निभलसम्बन्धी थप जानकारीका लागि नजिकको बजाज शोरूम वा बजाजका आधिकारिक सामाजिक संजालमार्फत जानकारी लिन सकिने पनि कम्पनीले जनाएको छ।

# इम्बोस्ड नम्बर प्लेटमा विभागलाई डेढ अर्ब घाटा

काठमाडौं। यातायात व्यवस्था विभागले इम्बोस्ड नम्बर प्लेट जडानमा करिब डेढ अर्ब घाटा हुने गरि ३ वर्षका लागि म्याद थप गरेको छ। विभागले इम्बोस्ड प्लेट जडानको म्याद २०८५ मंसिर ११ गतेसम्मका लागि थप गरेको हो।

विभागका इन्जिनियर श्रीकान्त यादवले इम्बोस्ड नम्बर प्लेट जडानको काम सुस्त रहेको र जेनजी आन्दोलनमा पुगेको क्षतिका कारण म्याद थप गरेको बताए।

'हामीले बाँकी इम्बोस्ड नम्बर प्लेट जडान गर्न ३ वर्षलाई म्याद थप गरेका छौं,' उनले भने।

जेनजी आन्दोलनका क्रममा गत भदौ २४ गते आगजनीका कारण विभागको मुख्य भवनसहित इम्बोस्ड नम्बर प्लेट प्रिन्टरसहित स्टोरसम्म जलेर नष्ट भएको थियो। साढे ८ लाखभन्दा बढी इम्बोस्ड नम्बर प्लेट प्रयोग नै गर्न नमिल्ने गरि जलेको थियो।

६ लाख ८० हजार नम्बर प्लेट अमेरिकी र बंगलादेशी संयुक्त कम्पनी डेकाटुर टाइगरले विभागलाई हस्तान्तरण गरिसकेको थियो। प्रिन्ट गरेर राखेको करिब २ लाख नम्बर प्लेट भने कम्पनीले विभागलाई हस्तान्तरण गरेको थिएन।

इम्बोस्ड नम्बर प्लेट जडानको म्याद तेस्रोपटक थपिँदै, पैसा बढाउन डेकाटुर टाइगरको बार्गेनिङ

आगजनीबाट १६ मिलियन अमेरिकी डलर अर्थात सवा २ अर्ब रुपैयाँ बराबरको क्षति भएको भन्दै विभागले त्यो ब्यहोर्नुपर्ने दाबी कम्पनीले गरेको थियो। विभागले क्षति अनपेक्षित भएकाले ब्यहोर्न नसकिने बताउँदै आएको थियो।

आफूले सहजीकरण नगरेर समस्या भएको अवस्थामा एक युनिट इम्बोस्ड नम्बर प्लेट जडान नगरे पनि ९५ प्रतिशत रकम भुक्तानी गर्नुपर्ने ठेक्का सम्झौताको सर्तका कारण विभाग बाध्य भएर डेकाटुर टाइगरसामु झुक्नु परेको हो। इन्जिनियर यादवले कम्पनीले हस्तान्तरण गरेर नष्ट भएका ६ लाख ८० हजार नम्बर प्लेटको क्षति विभागले ब्यहोर्ने गरी म्याद थप गरेको बताए।

'डेकाटुर टाइगरले जेनजी आन्दोलनमा नष्ट भएका साढे ८ लाख नम्बर प्लेटको क्षति हामीले ब्यहोर्नु पर्छ भनिरहेको थियो। तर लामो समयसम्म भएको छलफलपछि कुरा मिलेको छ। विभागले आफूले बुझेको ६ लाख ८० हजार नम्बर प्लेटको क्षति ब्यहोर्नेछ। यसको मतलब अब कम्पनीले १८ लाख २० हजार नम्बर प्लेट जडान गरे हुन्छ,' यादवले भने, 'विभागलाई करिब डेढ अर्ब जति घाटा भएको छ।'

इम्बोस्ड नम्बर प्लेटमा ग्राहकलाई 'ट्र्याप'मा पारेर महँगो शुल्क, सरकारी समिति भन्छ : घटाउनै पर्छ

विभागले ५ वर्षभित्र २५ लाख सवारी साधनमा इम्बोस्ड नम्बर प्लेट जडान गर्न २०७३ जेठ १७ गते बंलादेश र अमेरिकी लगानीको डेकाटुर-टाइगर आइटी कम्पनीसँग ३ करोड ८७ लाख ५० हजार अमेरिकी डलरमा ठेक्का सम्झौता गरेको थियो।

तोकिएको अवधि २०७८ जेठसम्म करिब १ प्रतिशत सवारीमा मात्रै जडान भएपछि विभागले पहिलोपटक २०८० असोज २३ गतेसम्म म्याद थपेको थियो।

त्यो अवधिमा पनि इम्बोस्ड नम्बर प्लेट जडानले गति नलिएपछि दोस्रोपटक २०८२ मंसिर ११ गतेसम्म म्याद थपिएको थियो। दोस्रोपटक थपिएको अवधिसम्म करिब ९० हजार सवारी साधनमा मात्रै इम्बोस्ड नम्बर प्लेट जडान भएका कारण विभागले बाध्य भएर तेस्रो पटक ३ वर्षका लागि म्याद थपेको हो।

सम्झौता अनुसार डेकाटुरले १० वटा आरएफआइडी (रेडियो फ्रिक्वेन्सी आइडेन्टीटी डिभाइस) गेट निर्माण गर्नुपर्नेमा हालसम्म थानकोट र नागार्जुनमा मात्र तयार पारिएको छ। फर्पिङ र पथलैयामा निर्माणाधीन छ भने जगाती, इटहरी, पोखरा, बुटवल, कोहलपुर र अत्तरियामा काम सुरु नै गरिएको छैन। सम्झौता अनुसार कम्पनीले १०० वटा इम्बोस्ड रिडिङ मेसिन अर्थात ह्याण्डहेल्ड डिभाइस भने विभागलाई हस्तान्तरण गरिसकेको छ।

# नेपाली अटो बजारमा प्यासेन्जर सेगमेन्टतर्फ बीवाइडी नम्बर वान

काठमाडौं। नेपाली अटो बजारमा प्यासेन्जर सेगमेन्टतर्फ चिनियाँ ब्रान्ड बीवाइडीले लगातार दोस्रो वर्ष पहिलो स्थान लिएको छ।

बजारमा आफ्नो बर्चस्व कायम गर्दै आएका स्थापित पुराना कम्पनीलाई पछि पार्दै सन् २०२५ मा पनि बीवाइडीले आफूलाई पहिलो स्थानमा कायम राखेको हो। प्यासेन्जर सेगमेन्टमा टाटालाई यसपालि पनि बीवाइडीले पछि पारेको हो।

नेपालका लागि बीवाइडीको आधिकारिक बिक्रेता साइमेक्स इंकले २०२५ मा कुल ३ हजार ५४२ युनिट गाडी आयात गरेको छ।

कम्पनीले बीवाइडी एटो ३, एटो १ र एटो २ सबैभन्दा धेरै आयात गरेको छ। यस्तै सिलायन ७ र एम ६ गाडी पनि साइमेक्स इंकले भित्र्याएको छ। बीवाइडी अहिले विश्व बजारमा पनि टेस्लालाई उछिन्दै न्यु इनर्जी भेहिकलमा एक नम्बरमा छ।

बीवाइडीपछि नेपाली बजारमा स्थापित कोरियन ब्रान्ड हुन्डाई र भारतीय ब्रान्ड टाटाबीच प्रतिस्पर्धा देखिएको छ। प्रतिस्पर्धाकाबीच प्यासेन्जर सेगमेन्टमा टाटा मोटर्स दोस्रो स्थानमा छ।

नेपालका लागि टाटाको आधिकारिक बिक्रेता सिप्रदी ट्रेडिङले २०२५ मा २ हजार ३७७ युनिट गाडी आयात गरेको भन्सार विभागको तथ्यांक छ। कम्पनीले पन्च इभी, टियागो इभी, एक्सप्रेस टी, नेक्सन इभी, कर्भ इभी र केही इन्धन इन्जिन भएका मोडल आयात गरेको हो।

बीवाइडी र टाटा बजारमा इभीप्रतिको आकर्षणका कारण आफूलाई टप टुमा राख्न सफल भएका हुन्।

हुन्डाई तेस्रो स्थानमा छ। हुन्डाई गाडीको आधिकारिक बिक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टलले २०२५ मा २ हजार ४२ युनिट गाडी भित्र्याएको छ। कम्पनीले हुन्डाई क्रेटा पेट्रोल र भेन्यु गाडी अहिले नेपालमा नै एसेम्बल गर्ने गरेको छ।

दुई वर्ष अगाडि नेपालमा आफ्नो एसेम्बल प्लान्ट सञ्चालनमा ल्याएको कम्पनीले अहिले सबैभन्दा धेरै क्रेटा र भेन्यु अनएसेम्बल किट र तयारी क्रेटा इभी ल्याएको छ।

नेपाली बजारमा मोरिस ग्यारेज(एमजी) चौथो स्थानमा छ। एमजीको आधिकारिक बिक्रेता पारामाउन्ट मोटर्सले एक वर्षमा १ हजार १९४ युनिट आयात गरेको छ। कम्पनीले एमजी एस ५, एमजी फोर जस्ता गाडी आयात भित्र्याएको हो।

नेपाली बजारमा मारुती सुजुकी पाँचौं स्थानमा छ। सुजुकीको नेपालका लागि आधिकारिक बिक्रेता सीजी मोटोकर्पले १ हजार ६५ युनिट गाडी आयात गरेको छ। कम्पनीले अहिलेसम्म इभी बिक्री गर्न सुरु गरेको छैन।

कम्पनीले इन्धन इन्जिन भएका ब्रेजा, भिक्टोरिस, फ्रन्क्स, जिम्नी, ग्रान्ड भिटारा, सेलेरियो, अल्टो, स्वीफ्ट, वागन आर लगायत गाडी आयात गरेको हो।

केही नयाँ ब्रान्ड पनि यो वर्ष टप टेनभित्र पर्न सफल भएका छन्। जसका डोङफेङ नामी, ओमोडा एण्ड जेको, चांगन डिपल र लिपमोटर छन्।


डोङफेङ नामी छैटौं स्थानमा रहन सफल भएको छ। यो ब्रान्डको आधिकारिक बिक्रेता एमएडब्लू वृद्धिले ८८४ युनिट गाडी आयात गरेको छ। कम्पनीले अहिले नामी भिगो र नामी बक्स मोडलका गाडी बिक्री गर्दै आएको छ।

यसैगरी, चांगन डिपल सातौं स्थानमा छ। यो गाडी ब्रान्ड पनि एमएडब्लू ग्रुपले बिक्री गर्दै आएको छ। कम्पनीले २०२५ मा ७२४ युनिट गाडी आयात गरेको छ।

ओमोडा एण्ड जेको ब्रान्डआठौं स्थानमा छ। यो ब्रान्डका गाडी एक वर्षमा ७२२ युनिट आयात गरिएको छ। यस्तै किया ६७८ युनिटसहित नवौं र लिपमोटर ३८७ युनिटसहित दसौं स्थानमा परेका छन्।

हाइब्रिड गाडीमा सुजकी पहिलो, एमपीभीमा महिन्द्रा

नेपाली बजारमा हाइब्रिड गाडीको आयात पनि केही हदसम्म बढ्दै गएको देखिन्छ। एक वर्षमा ४९० युनिट हाइब्रिड गाडी आयात भएका छन्। यसमा ८८ प्रतिशत हिस्सा सुजुकीको र १० प्रतिशत हिस्सा टोयोटाको छ।




सुबारुको क्रसट्रेक ३ वटा, टोयोटा कोरोला क्रस १० वटा, टोयोटा यारिस क्रस २० वटा र ग्याभ फोर २० वटा आयात गरिएको तथ्यांक छ। यस्तै मारुती ब्रेजा हाइब्रिड ४२० वटा र ग्रान्ड भिटारा स्मार्ट हाइब्रिड ११ युनिट आयात गरिएको छ। रेन्ज रोभर ईभोक १ युनिट र भेलार ५ युनिट आयात गरिएको छ। यसैगरी, मल्टि-प्रपोज भेहिकल(एमपीभी)मा महिन्द्राको हिस्सा धेरै छ। एक वर्षमा महिन्द्राका ९६० युनिट एमपीभी गाडी ल्याइएको छ। यस्तै इसुजु ब्रान्डले १७१ वटा एमपीभी गाडी ल्याएको छ।

पिकअप सेगमेन्टतर्फ टोयोटा हाइलक्स ६३ युनिट आयात गरिएको छ। यस्तै फोर्डको रेन्जर २२ युनिट, निसानको नाभारा ८ युनिट र मित्सुबीसीको एल२०० दस युनिट आयात भएको छ। फोटोनको टुनल्यान्ड ३३ युनिट, ग्रेटवाल पोयर ३ युनिट र चांगन हन्टर ५ युनिट आयात गरिएको तथ्यांक छ।

# चेतकको नयाँ मोडल बजारमा

काठमाडौं। बजाज अटोले नयाँ बजाज चेतक सी२५ लन्च गर्दै भारतीय बजारमा आफ्नो इलेक्ट्रिक स्कुटर लाइन-अपलाई अझ बलियो बनाएको छ।

भारु ९१ हजार ३९९ रुपैयाँ मूल्य रहेको यो मिड-रेन्ज इलेक्ट्रिक स्कुटर सेगमेन्टमा आकर्षक विकल्प हो। नयाँ चेतक सी२५ विश्वसनीय ब्रान्ड, उत्कृष्ट निर्माण गुणस्तर र राम्रो रेन्ज चाहने ग्राहकका लागि लक्षित गरिएको कम्पनीले जनाएको छ।

डिजाइनको हिसाबले बजाज चेतक सी२५ मा नियो-रेट्रो स्टाइल छ। यसमा 'हर्स शू' आकारको एलईडी हेडल्याम्प, सरल र सफा एप्रोन डिजाइन, साइड प्यानलमा नयाँ ग्राफिक्स, पछाडि नयाँ डिजाइन गरिएको टेलल्याम्प छन्।

विशेष रुपमा चेतक सी२५ पूर्ण मेटालिक बडी भएको भारतको एक मात्र इलेक्ट्रिक स्कुटर हो। जसले गर्दा स्कुटरलाई बलियो र प्रिमियम अनुभूति दिन्छ।

यो स्कुटरमा २५ लिटर बुट स्पेस, ६५० मिलिमिटर लामो र आरामदायी सिट छ, जसले दैनिक प्रयोगका लागि यसलाई निकै व्यवहारिक बनाएको छ।

यो स्कुटर ६ आकर्षक रंगहरूमा उपलब्ध छ, जसमा रेसिङ रेड, मिस्टी येलो, ओशन टिल, एक्टिभ ब्ल्याक, ओपलेसेन्ट सिल्भर र क्लासिक ह्वाइट छन्।

बजाज चेतक सी२५ मा रंगीन एलसीडी डिस्प्ले छ। स्मार्टफोन कनेक्टिभिटी रहेको उक्त डिस्लेमा कल र एसएमएस नोटिसहरू हेर्न पनि मिल्छ।

साथै, पालैपालो नेभिगेसन, म्युजिक कन्ट्रोल र हिल होल्ड असिस्ट सहित धेरै स्मार्ट फिचरहरू यसमा उपलब्ध छ।

सूचना माग्ने र पाउने मौलिक हकको रक्षा गरौं ।

सार्वजनिक निकायले,

- आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी राख्नु पर्दछ ।
- त्यस्ता सूचना आवधिक रुपमा प्रकाशन तथा प्रसारणको व्यवस्था गर्नु पर्दछ ।
- सूचना प्रवाह गर्न सूचना अधिकारी अनिवार्य तोकिनु पर्दछ ।
- सूचना अधिकारी सम्बद्ध निकायको दोस्रो वा तेस्रो वरियताको अधिकारी हुनु पर्दछ ।
- सूचना अधिकारीको नाम, पद, इमेल ठेगाना, मोबाइल नं. र तस्विर सबैले देख्ने गरी कौर्यालयमा र वेब साइटमा राख्नु पर्दछ।
- कसैले सूचना मागे कानूनबमोजिम तोकिएको अवधिभित्र सूचना उपलब्ध गराउनु पर्दछ।

नागरिकको सूचना माग्ने र पाउने हकको रक्षा गरौं, पारदर्शीता कायम गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप

प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार